वर्ष ६, अंक ९, पुस

नेपाल प्रहरी

सत्य सेवा सुरक्षणम्





# अपराध अनुसन्धान

## मासिक ई-वुलेटिन



**प्रहरी प्रधान कार्यालय**

**अपराध अनुसन्धान विभाग**

"वस्तुनिष्ठ अपराध अनुसन्धान, मानव अधिकारको सम्मान"

# विषय सूची

**प्रमुख सल्लाहकार**
प्र.अ.म.नि. टेक बहादुर तामाङ

**सल्लाहकार**
प्र.ब.उ. बसन्त रजौरे
प्र.ब.उ. नबिन राज राई

**सम्पादक मण्डल**
प्र.ना.नि. गणेश बहादुर थिङ
प्र.स.नि. दुर्गा लक्ष्मी बस्नेत

**संकलन**
प्र.स.नि. दुर्गा लक्ष्मी बस्नेत
प्र.ह. कल्पना राई

**ले-आउट/ग्राफिक्स**
प्र.ज. भावना चन्द

| | |
|---|---|
| विभागीय गतिविधि | १ – ६ |
| अपराध तथ्याङ्क | ६ – १२ |
| प्रहरी सेवा प्रवाह | १३ –१५ |
| खोजतलास तथा समन्वय | १५ –१६ |
| अपराध अनुसन्धानमा सहायता प्रदान | १६ –१८ |
| अपराध समाचार | १९–२३ |
| उत्कृष्ट अनुसन्धान | २४ |

# विभागीय गतिविधि

## मधेश प्रदेश स्तरीय अपराध अनुसन्धान समीक्षा एक दिवसीय गोष्ठी सम्पन्न



***महोत्तरी, पुस, ४ गते***

मधेश प्रदेश सरकारका माननीय मुख्यमन्त्री श्री सरोज कुमार यादवको प्रमुख आतिथ्यतामा नेपाल प्रहरी प्रधान कार्यालय, अपराध अनुसन्धान विभाग एंव मधेस प्रदेश प्रहरी कार्यालय जिल्ला महोत्तरी बर्दिवासद्धारा संयुक्त रुपमा आयोजित महोत्तरी प्रदेश स्तरीय अपराध अनुसन्धान समीक्षा एक दिवसीय गोष्ठी २०८० बर्दिबासमा सम्पन्न गरेको छ। गोष्ठीमा मधेश प्रदेश सरकारका माननीय मुख्य-मन्त्री श्री सरोज कुमार यादव, उच्च अदालत जनकपुरका माननीय न्यायाधीश श्रीकान्त पौडेल, मधेश प्रदेश सरकार गृह, सञ्चार तथा कानून मन्त्री श्री मोहम्मद समिम, मधेश प्रदेश सरकारका मुख्य न्यायाधिवक्ता श्री बिरेन्द्र कुमार ठाकुर, नेपाल प्रहरी प्रधान कार्यालय, अपराध अनुसन्धान विभागका प्रमुख प्रहरी अतिरिक्त महानिरीक्षक श्री टेक बहादुर तामाङ, उच्च सरकारी वकील कार्यालय धनुषाका सह-न्यायाधिवक्ता श्री कोषहरी निरौला, मधेश प्रदेश प्रहरी कार्यालयका प्रमुख प्रहरी नायव महानिरीक्षक श्री जनक भट्टराई, सशस्त्र प्रहरी बल नेपाल २ नं. छिन्नमस्ता बाहिनी मुख्यालय बर्दिवास महोत्तरीका प्रमुख सशस्त्र प्रहरी नायव महानिरीक्षक श्री दिपेन्द्र शाह, मधेश प्रदेश प्रहरी तालिम केन्द्र जनकपुर, सम्पर्क कार्यालय राजबिराज सप्तरीका प्रमुख प्रहरी बरिष्ठ उपरीक्षक ईश्वर कार्की, नेपाल प्रहरी प्रदेश कार्यालय बिरगंज पर्सा (हाल जनकपुरधाम, धनुषा) का प्रहरी बरिष्ठ उपरीक्षक सुरेन्द्र बहादुर गुरुङ, प्रहरी बरिष्ठ उपरीक्षक प्रविण पोखरेल, नेपाल प्रहरी प्रधान कार्यालय नक्साल काठमाण्डौं अपराध अनुसन्धान विभागका प्रहरी बरिष्ठ उपरीक्षक श्री बसन्त रजौरे, नेपाल प्रहरी राजमार्ग सुरक्षा तथा ट्राफिक व्यस्थापन कार्यालय पथलैया बाराका प्रमुख, जिल्ला प्रहरी कार्यालय - ८ (मधेश प्रदेश) का प्रमुखहरूको उपस्थिति थियो। नेपाल प्रहरी प्रधान कार्यालय नक्साल काठमाण्डौं अपराध अनुसन्धान विभागका प्रहरी अधिकृतज्यूहरु, जिल्ला सरकारी वकील कार्यालय धनुषा र सर्लाहीका जिल्ला न्यायाधिवक्ता ज्यूहरु, नेपाल प्रहरी विशेष सुरक्षा गण ढल्केवर धनुषा, मधेश प्रदेश प्रहरी गण जनकपुरधाम धनुषाका गण प्रमुखहरू, मधेश प्रदेश अन्तर्गत मुद्दा चल्ने प्रहरी इकाईका प्रमुख र अपराध अनुसन्धान शाखामा कार्यरत जु.प्र.अ.हरू तथा यस कार्यालयमा कार्यरत प्रहरी कर्मचारीहरूको उपस्थितिमा अनुसन्धानको विद्यनाम अवस्थाको समिक्षा गरी सुधारका क्षेत्रहरू पहिचान गर्न, अनुसन्धानमा रहेका कानूनी तथा अन्य समस्याको पहिचान गरी सुधारका उपाय अवलम्बन गर्न, अनुसन्धानको प्रभावकारिता अभिबृद्धिको लागि अनुसन्धानकर्ताहरू बीचमा समन्वयको विकास गर्न, अनुसन्धानमा देखिएका समस्या र चुनौतीहरू सम्बोधन गर्नका लागि साझा धारणा विकास गर्न, अनुसन्धान सम्बन्धी नविन कानूनी व्यवस्था र अभ्यासका बारेमा जानकारी गराई कार्यान्वयनमा एकरुपता कायम गर्न तथा प्रस्तावित अनुसन्धान तथा अभियोजन निर्देशिकाको लागि राय सुझाव संकलन गर्नको लागि अपराध अनुसन्धान विभागका प्रमुख प्रहरी अतिरिक्त महानिरीक्षक श्री टेक बहादुर तामाङ्ग समेतले आ-आफ्नो मनतव्य दिनु भई कार्यक्रम समापन भएको थियो।

## अपराध अनुसन्धान समीक्षा एक दिवसीय गोष्ठी सम्पन्न (कोशी प्रदेश)



***कोशी, ६ पुस***

नेपाल प्रहरी प्रधान कार्यालय, अपराध अनुसन्धान विभाग एवं कोशी प्रदेश प्रहरी कार्यालय बिराटनगरको संयुक्त आयोजनामा संचालन भएको "एक दिवसीय प्रदेश स्तरीय अपराध अनुसन्धान समिक्षा गोष्ठी २०८०" मा कोशी प्रदेश सरकार आन्तरिक मामिला तथा कानुनमन्त्री माननीय शमशेर राईको प्रमुख आतिथ्यतामा नेपाल प्रहरी प्रधान कार्यालय अपराध अनुसन्धान विभागका विभागीय प्रमुख प्रहरी अतिरिक्त महानिरीक्षक टेक बहादुर तामाङ, कोशी प्रदेश प्रहरी कार्यालयका प्रहरी वरिष्ठ उपरीक्षक जयराज सापकोटा, उच्च सरकारी वकील कार्यालय विराटनगरका सह- न्यायधिवक्ता नारायण बहादुर थापा, नेपाल प्रहरी प्रदेश कार्यालयका कार्यालय प्रमुख, प्रहरी जिल्ला सरकारी वकील कार्यालय झापा, मोरङ र सुनसरीका जिल्ला न्यायधिवक्ताहरु, यस कार्यालय मातहत कार्यालयहरुका कार्यालय प्रमुख, मुद्दा चल्ने प्रहरी कार्यालयका कार्यालय प्रमुख, मोरङ र सुनसरीका मुद्दा चल्ने प्रहरी इकाईका जुनियर प्रहरी अधिकृतहरु, विभिन्न संघ संस्थाका प्रमुख तथा प्रतिनिधीहरु, संचारकर्मी र प्रहरी कर्मचारीहरु लगायत १९० जनाको उपस्थितिमा १८:१५ बजेको समयमा समापन भएको छ।

उक्त कार्यक्रममा **"एक दिवसीय प्रदेश स्तरीय अपराध अनुसन्धान समिक्षा गोष्ठी २०८०"** मा उपस्थित प्रमुख अतिथि कोशी प्रदेश आन्तरिक मामिला तथा कानून मन्त्रालयका आन्तरिक मामिला तथा कानून मन्त्री माननिय शमशेर राईले अपराध अनुसन्धानलाई थप सशक्त बनाउन यस **एक दिवसीय प्रदेश स्तरीय अपराध अनुसन्धान समिक्षा गोष्ठी** ले थप पहल पुऱ्याउने छ भन्ने विषयमा कोशी प्रदेश सरकार विश्वस्त रहेको जानकारी गराउँदै नेपाल प्रहरीको प्रमुख जिम्मेवारीमा रहेको अपराध अनुसन्धानलाई थप प्रभावकारी बनाउन प्रदेश सरकारले आवश्यक भूमिका निर्वाह गर्ने विश्वास दिलाउनु भयो। प्रहरी समायोजनको सन्दर्भमा समेत कोशी प्रदेश सरकार द्वारा केन्द्र सरकारसँग आवश्यक छलफल तथा समन्वय गरेको चर्चा गर्दै आधुनीक

समाजमा बढ्दै गईरहेको अपराधलाई न्यूनिकरणको लागि योजना आयोगसँग छलफल भई आगमी पाँच बर्षको आवधिक योजना निर्माण गर्ने सन्दर्भमा युवा पुस्ताको नैराश्यताको समाधानको लागि कार्ययोजना बनाई संयुक्त रुपमा कोशी प्रदेशमा लागू गर्ने पहल भईरहेको बिषय समेत व्यक्त गर्नु भयो। प्रदेश प्रहरीले अपराध अनुसन्धानको लागि पहल गरेका विषयलाई प्रदेश सरकारले बजेट व्यवस्थापनमा समेत जोड दिने कुरा व्यक्त गर्नु हुँदै, नेपाल प्रहरीको समायोजन पश्चात भौतिक व्यवस्थापनमा समेत प्रदेश सरकारले विशेष जोड दिने कुरा समेत बताउनुभयो। गोष्ठी सफल र परिणाम मुखी रहोस भनी शुभकामाना समेत व्यक्त गर्नु भयो। उक्त कार्यक्रममा अपराध अनुसन्धान विभागका विभागीय प्रमुख प्रहरी अतिरिक्त महानिरीक्षक टेक बहादुर तामाङले **एक दिवसीय प्रदेश स्तरीय अपराध अनुसन्धान समिक्षा गोष्ठी** मा प्रभावकारी र प्रमाणमुखी अनुसन्धान प्रहरीले गर्न सकियो भने मात्र फौजदारी मुद्दामा सफलता हासिल गर्न सकिन्छ।

अनुसन्धानका लागि आवश्यक पर्ने भौतिक स्रोत-साधन, प्रविधि, अनुसन्धान कार्यमा जटिल र चुनौती दिन-प्रतिदिन बढदै गईरहेको हुँदा अनुसन्धानमा नै कार्यरत प्रहरी कर्मचारीहरु बीच निरन्तर अन्तरक्रिया छलफल र समन्वय गरि अनुसन्धानको वास्तविक अवस्था आउने र पछिका दिनहरुमा अनुसन्धानमा सुधार गर्न योजना बनाउन समेत सहयोग मिल्ने छ भनी गोष्ठीको महत्व दर्शाउँदै संगठन प्रमुखले मुख्य अपराध Cyber Crime को अनुसन्धानलाई यस वर्ष विशेष जोड दिने बिषयमा जानकारी गराउनु भयो। Cyber Crime तथा DFL सम्बन्धि ज्ञान भएका प्रहरी कर्मचारीहरुलाई जिल्लागत रुपमा खटाई अपराध अनुसन्धान शाखामा कार्यरत प्रहरी कर्मचारीहरुलाई अपराध अनुसन्धानका विबिध विषय तथा नविनतम अपराध अनुसन्धानका लागी बिशेष तालिमहरु प्रदान गरीने जानकारी गराउनु भयो। नेपाल प्रहरी प्रधान कार्यालयमा आर्थिक अपराध सम्बन्धि हेर्ने छुटै शाखाको विस्तार, CRS, CFDS तथा AFIS को तालिम संचालन गरिने र आवश्यक सामग्रीहरु समेत उपलब्ध गराउँदै आइरहेको, अपराध अनुसन्धानको लागि आवश्यक रेफ्रिजेरेटर लगायत सामग्रीहरुको वितरण गरिएको, पीडित (Victim) लाई Support गर्न नेपाल प्रहरी प्रधान कार्यालयबाट आवश्यक कार्ययोजना बनाई कार्यक्रमहरु संचालन गरिने, हिरासत कक्षको निगरानीमा रहेका कानूनको विवादमा परेका बालबालिकासँग बाल मैत्री व्यवहार गर्न, थुनुवा भेटघाट गर्न आउने आफन्तहरुको लागि छुटै कक्षको व्यवस्था गर्नु पर्ने निर्देशन दिनु भयो। महिला बालबालिका तथा जेष्ठ नागरिक बिरुद्ध हुने अपराधको अनुसन्धान गर्दा म.बा. तथा जेष्ठ नागरिक सेवा केन्द्रमा कार्यरत प्रहरी कर्मचारीहरुबाट अनुसन्धान अधिकृत र SOCO खटाईने भावी योजना रहेको भनी जानकारी समेत गराउँदै अन्त्यमा सम्पुर्ण अनुसन्धान अधिकृतहरुलाई इमान्दार तथा लगनशील भएर आफ्नो कार्य सम्पादन गर्न निर्देशन दिनु भएको थियो।

## सुदुरपश्चिम प्रदेशस्तरीय अपराध अनुसन्धान समीक्षा एक दिवसीय गोष्ठी सम्पन्न



***पौष, ११ गते***

सुदुरपश्चिम प्रदेश सरकारका माननीय आन्तरिक मामिला तथा कानून मन्त्री शिवराज भट्टको प्रमुख आतिथ्यमा नेपाल प्रहरी प्रधान कार्यालय अपराध अनुसन्धान विभाग एंव सुदुरपश्चिम प्रदेश प्रहरी कार्यालय धनगढीद्धारा संयुक्त रुपमा आयोजित सूदूरपश्चिम प्रदेश स्तरीय अपराध अनुसन्धान समीक्षा एक दिवसीय गोष्ठी २०८० धनगढीमा सम्पन्न गरेको छ। सुदूरपश्चिम प्रदेश सरकारका माननीय आन्तरिक मामिला तथा कानूनमन्त्री शिवराज भट्टले -समाजमा शान्ति सुरक्षा लगायत अपराध अनुसन्धान गर्न प्रहरी र नागरिक वीचको सम्बन्ध सुमधुर हुनुपर्ने, प्रहरीले अपराध अनुसन्धानलाई थप प्रभावकारी बनाउनको लागि समयसापेक्ष नयाँ प्रविधिहरुको प्रयोगमा जोड दिदै जानुपर्ने, प्रहरी कार्यालयहरुको भौतिक संरचना निर्माण तथा स्रोत साधन सम्पन्न बनाई अपराध अनुसन्धान कार्यमा प्रहरीलाई सशक्त बनाउन प्रदेश सरकार सदैव प्रतिबद्ध रहेको बताउनु भयो उक्त गोष्ठीलाई सम्बोधन गर्दै श्रीमान प्रहरी महानिरीक्षक बसन्त बहादुर कुँवरले साधन स्रोतको सीमितता, भूगोलको जटिलता र विविध चुनौतीहरूका बाबजुद यस प्रदेशमा घटित विविध घटनाहरूको सफल अनुसन्धान गरी कानूनी राज्यको प्रत्याभूति दिलाउनमा यस प्रदेश अन्तर्गतका प्रहरी कर्मचारीहरूले निभाएको भूमिकाको प्रशंसा गर्नुहुदै अपराध अनुसन्धानलाई वैज्ञानिक, व्यवस्थित एवम् प्रमाणमुखी बनाई न्यायिक प्रक्रियामा सही, निष्पक्ष र पूर्ण व्यावसायिक भई कार्य सम्पादन गर्न अपराध प्रवृत्ति एवम् तथ्याङकहरूलाई समेत केन्द्रबिन्दुमा राखी योजनाबद्ध ढंगले अघि बढ्न जरूरी रहेको बताउनुभयो। अपराध अनुसन्धानको लागि ज्ञान, सीप, दक्षता, अनुभव, अथक लगाव र दृढ संकल्पका अतिरिक्त सरोकारवाला निकाय र समाज सँगको सहकार्य र समन्वय समेत महत्वपूर्ण रहनेमा उहाँले जोड दिनुभयो। पीडित तथा साक्षी संरक्षणको सुनिश्चितता, मानव अधिकारको संरक्षण, महिला तथा बालबालिका विरुद्धको हिंसाजन्य घटनाको अनुसन्धानमा थप संवेदनशिल भई शून्य सहनशीलतालाई गम्भीरताका साथ मनन् गर्नुहुन उपस्थित सम्पूर्ण प्रहरी कर्मचारीहरूलाई उहाँले निर्देशन समेत दिनुभयो। गोष्ठीमा उच्च अदालत दिपायलका न्यायाधीश दिनेश प्रसाद यादव र कैलाली जिल्लाका प्रमुख जिल्ला अधिकारी धर्मेन्द्र कुमार मिश्राले गोष्ठीको महत्वबारे चर्चा गर्दै आभकामना मन्तव्य व्यक्त गर्नुभएको थियो।आफ्नो शु-पहिलो चरणको समुद्घाटन कार्यक्रममा नेपाल प्रहरी प्रधान कार्यालय अपराध अनुसन्धान विभागका प्रहरी बरिष्ठ उपरीक्षक बसन्त रजौरेले गोष्ठीको उद्देश्यबारे स्वागत मन्तव्य दिदै जानकारी भएको थियो भने सुदुरपश्चिम प्रदेश प्रहरी प्रमुख प्रहरी नायव महानिरीक्षक भरत बहादुर बोहराले उपस्थित प्रमुख अतिथि तथा अन्य अतिथिहरु लगायत गोष्ठीमा सहभागी सम्पुर्ण प्रहरी अधिकृतहरुलाई धन्यबाद ज्ञापन गर्नु भएको थियो। दोस्रो चरणको कार्यक्रममा नेपाल प्रहरी प्रदेश कार्यालयका प्रहरी वरिष्ठ उपरीक्षक दिलिप सिंह देउवा, सुदूरपश्चिम प्रदेश प्रहरी कार्यालयका प्रहरी वरिष्ठ उपरीक्षक दिल्ली राज बिष्ट, सरकारी वकिल कार्यालय कैलालीका न्यायधिवक्ता श्री

लक्ष्मी नारायण दाहाल, कञ्चनपुर जिल्लाका सहायक जिल्ला न्यायाधिवक्ता हरि प्रसाद उपाध्याय, सुदूरपश्चिम प्रदेश अन्तर्गतका ९ वटा जिल्लाका जिल्ला प्रहरी कार्यालयका प्रमुखहरु, नेपाल प्रहरी प्रधान कार्यालयका प्रतिनिधिहरुले अपराध अनुसन्धानको समग्र बस्तुस्थिति र अनुसन्धानमा गरिएका नवीनतम प्रयोगहरुको विषयमा प्रस्तुतीकरण गर्नुभएको थियो । उक्त गोष्ठीमा अपराध अनुसन्धानमा देखिएका समस्या र त्यसका समाधान लगायतका विषयवस्तुहरूमा विस्तृत छलफल गरिएको थियो । नेपाल प्रहरी प्रधान कार्यालय अपराध अनुसन्धान विभागका प्रहरी अतिरिक्त महानिरीक्षक टेक बहादुर तामाङले निर्देशन सम्बोधन गर्नुका साथै सुदूरपश्चिम प्रदेश प्रहरी कार्यालय धनगढीका प्रहरी वरिष्ठ उपरीक्षक दिल्लीराज बिष्टबाट धन्यवाद ज्ञापन र समापन गर्नु भएको थियो । उक्त गोष्ठीमा प्रहरी नायव महानिरीक्षकहरू, जिल्ला स्थित सुरक्षा निकायका प्रमुख, संचारकर्मी एवम् प्रदेश अन्तर्गत अपराध अनुसन्धान शाखामा कार्यरत प्रहरी अधिकृतहरु समेत सहभागितामा रहेको थियो ।

## कर्णाली प्रदेशस्तरीय अपराध अनुसन्धान समीक्षा एक दिवसीय गोष्ठी सम्पन्न




***पौषगते १३ ,***

कर्णाली प्रदेश प्रदेश स्तरी अपराध अनुसन्धान समीक्षा एक दिवसीय गोष्ठी २०८० सुर्खेतमा सम्पन्न गरेको छ। नेपाल प्रहरी प्रधान कार्यालय, अपराध अनुसन्धान विभाग र कर्णाली प्रदेश प्रहरी कार्यालय सुर्खेतको संयुक्त आयोजनामा अनुसन्धानको विद्यमान अवस्थाको समीक्षा गरी सुधारका क्षेत्रहरु पहिचान गर्न, अनुसन्धानमा विभिन्न नविन विचारहरु अवलम्बन गर्न, अनुसन्धानमा रहेका कानूनी तथा अन्य समस्याको पहिचान गरी सुधारका उपाय अबलम्बन गर्न, साईबर कसूर अनुसन्धान सम्बन्धी नविनतम कानूनी व्यवस्था र अभ्यासका बारेमा जानकारी गराई कार्यान्वयनमा एकरूपता कायम गर्न, अनुसन्धानको प्रभावकारीता अभिवृद्धिको लागि अनुसन्धानकर्ता र अभियोजनकर्ताहरु बीचमा समन्वयको विकास गर्न, अनुसन्धान र अभियोजनमा देखिएका समस्या र चुनौतिहरु सम्बोधन गर्नका लागि साझा धारणा विकास गर्ने उद्देश्यका साथ कर्णाली प्रदेश सरकारका आन्तरिक मामिला तथा कानून मन्त्री माननिय कृष्ण बहादुर जि.सी. को प्रमुख आतिथ्यतामा उच्च अदालत सुर्खेतका माननीय न्यायधीश रामेश्वर रेग्मी, वीरेन्द्रनगरनपालिकाका नगर प्रमुख मोहनमायाँ ढकाल, उच्च सरकारी वकिल कार्यालयका सह-न्यायाधिवक्ता डम्मर प्रसाद काफ्ले, सुर्खेत जिल्लाका प्रमुख जिल्ला अधिकारी , नेपाल प्रहरी प्रदेश कार्यालय सुर्खेत (हाल ने.ग.) का कार्यायल प्रमुख प्रहरी बरिष्ठ उपरीक्षक संजिव शर्मा दास, जिल्ला सरकारी वकिल कार्यालयका न्याधिवक्ता लगायत विभिन्न कार्यालय, संघसंस्थाका प्रतिनिधी, पत्रकारहरुको उपस्थितिमा प्रदेश स्तरीय एक दिवसीय अपराध अनुसन्धान समिक्षा गोष्ठिको समुद्घाटन भएको र उक्त गोष्ठिमा कर्णाली प्रदेश प्रहरी कार्यालय मातहतका सम्पुर्ण कार्यालय प्रमुखहरु, मातहत मुद्दा चल्ने प्रहरी इकाईका अनुसन्धान अधिकृतहरुको सहभागितामा नेपाल प्रहरी प्रधान कार्यालय अपराध अनुसन्धान विभाग, साईबर ब्यूरो भोटाईटी, नेपाल प्रहरी प्रदेश कार्यालय सुर्खेत (हाल ने.ग.), कर्णाली प्रदेश प्रहरी कार्यालय सुर्खेत, उच्च सरकारी वकिल कार्यालय सुर्खेत, जिल्ला सरकारी वकिल कार्यालय सुर्खेत र १० वटा जिल्ला प्रहरी कार्यालय प्रमुखहरुबाट अपराध अनुसन्धानको अवस्था र चुनौतीको बारेमा प्रस्तुतीकरण भई अनुसन्धान अधिकृतहरुसँग अन्तरक्रिया तथा छलफल कार्यक्रम गरी उक्त गोष्ठीमा उठेका अनुसन्धान सम्बन्धी विविध विषयहरु तथा अपराध अनुसन्धानलाई त्रुटिरहित र प्रभावकारी बनाउन अनुसन्धान अधिकृतको भूमिकाको बारेमा तालुक नेपाल प्रहरी प्रधान कार्यालयबाट पाल्नु भएका प्रहरी अतिरीक्त महानिरीक्षक टेक बहादुर तामाङ बाट सम्बोधन निर्देशन र कर्णाली प्रदेश प्रहरी प्रमुख प्रहरी नायव महानिरीक्षक भिम प्रसाद ढकालबाट धन्यबाद ज्ञापन दिनु भयो।

## लुम्बीनी प्रदेशस्तरीय अपराध अनुसन्धान समीक्षा एक दिवसीय गोष्ठी सम्पन्न



***पौष,१६ गते***

लुम्बिनी प्रदेश सरकारका गृहमन्त्री माननिय सन्तोष कुमार पाण्डेज्यूको प्रमुख अतिथ्यतामा नेपाल प्रहरी प्रधान कार्यालय, अपराध अनुसन्धान विभाग एवं लुम्बिनी प्रदेश प्रहरी कार्यालय दाङद्धारा प्रदेश स्तरीय अपराध अनुसन्धान समीक्षा एक दिवसीय गोष्ठी २०८० सम्पन्न गरेको छ। उक्त गोष्ठीमा लुम्बिनी प्रदेश सरकारका गृहमन्त्री माननिय सन्तोष कुमार पाण्डे, नेपाल प्रहरी प्रधान कार्यालय अपराध अनुसन्धान बिभागका प्रमुख प्रहरी अतिरिक्त महानिरीक्षक टेक बहादुर तामाङले अपराधको बदलिदो प्रवृतीका साथै समसामयिक बिषयमा उपस्थित सम्पूर्ण प्रहरी कर्मचारीहरुलाई निर्देशन सम्बोधन गर्नुका साथै छलफल अन्तरक्रियामा उठेका बिषयहरु माथी प्रष्ट पार्नु भएको उक्त कार्यक्रममा नेपाल प्रहरी प्रधान कार्यालय, अपराध अनुसन्धान बिभागका प्रहरी वरिष्ठ उपरीक्षक बसन्त रजौरेले कार्यक्रमको उद्देश्य माथी प्रकाश पार्दै औचित्य सहित स्वागत मन्तब्य राख्नु भएको, उक्त कार्यक्रममा तालुक नेपाल प्रहरी प्रधान कार्यालय, अपराध अनुसन्धान विभाग, साईबर ब्यूरो, नेपाल प्रहरी प्रदेश कार्यालय भैरहवा रुपन्देही, जिल्ला सरकारी वकिल कार्यालय रुपन्देही, उच्च सरकारी वकिल कार्यालय बुटवल र लुम्बिनी प्रदेश प्रहरी कार्यालय मातहतका १२ वटै जिल्ला प्रहरी कार्यालय प्रमुखबाट अपराध अनुसन्धान र यसका समस्या चुनौती तथा समाधानका विषयमा प्रस्तुतिकरण गरिएको र विभिन्न सरकारी कार्यालयका प्रमुख तथा संचारकर्मी, सरोकार निकायका प्रतिनिधिहरुको समेत उपस्थिती रहेको उक्त कार्यक्रमको समापनमा लुम्बिनी प्रदेश प्रहरी प्रमुख प्रहरी नायव महानिरीक्षक उमेश राज जोशीले धन्यवाद ज्ञापनका साथै उपस्थित सम्पूर्ण प्रहरी कर्मचारीहरुलाई निर्देशन सम्बोधन गर्नु भएको थियो।

## गण्डकी प्रदेशस्तरीय अपराध अनुसन्धान समीक्षा एक दिवसीय गोष्ठी सम्पन्न



***कास्की, २२ पुस***

उच्च अदालत कास्कीका मुख्य न्यायाधीश माधवप्रसाद पोखरेलको प्रमुख आतिथ्यमा नेपाल प्रहरी प्रधान कार्यालय अपराध अनुसन्धान विभाग एवं गण्डकी प्रदेश प्रहरी कार्यालय पोखराद्वारा संयुक्त रूपमा आयोजित गण्डकी प्रदेशस्तरीय अपराध अनुसन्धान समीक्षा एक दिवसीय गोष्ठी २०८० पोखरामा सम्पन्न भएको छ। गोष्ठीमा मुख्य न्यायाधीश पोखरेलले समाजमा शान्ति सुरक्षा लगायत अपराध अनुसन्धान तथा नियन्त्रण गर्न प्रहरी र नागरिकबिचको सम्बन्ध सुमधुर हुनुपर्ने बताउनुभयो। प्रहरीले अपराध अनुसन्धानलाई थप प्रभावकारी बनाउनका लागि समयसापेक्ष नयाँ प्रविधिहरूको प्रयोगमा जोड दिँदै जानुपर्ने उहाँले उल्लेख गर्नुभयो। गोष्ठीलाई सम्बोधन गर्दै प्रहरी महानिरीक्षक बसन्त बहादुर कुँवरले साधन स्रोतको सीमितता, भूगोलको जटिलता र विविध चुनौतीहरूका सामना गर्दै प्रदेशमा घटित विविध घटनाहरूको सफल अनुसन्धान गरी कानूनी राज्यको प्रत्याभूति दिलाउनमा प्रदेशमा कार्यरत प्रहरी कर्मचारीहरूले निभाएको भूमिकाको प्रशंसा गर्नुभयो। अपराध अनुसन्धानलाई वैज्ञानिक, व्यवस्थित एवम् प्रमाणमुखी बनाई न्यायिक प्रकृयामा सही, निष्पक्ष र पूर्ण व्यावसायिक भई कार्य सम्पादन गर्न अपराध प्रवृत्ति एवम् तथ्याङ्कहरूलाई समेत केन्द्रबिन्दुमा राखी योजनाबद्ध ढंगले अघि बढ्नुपर्ने उहाँले उल्लेख गर्नुभयो। प्रहरी महानिरीक्षक कुँवरले प्रभावकारी र वस्तुनिष्ठ अनुसन्धानको लागि ज्ञान, सीप, दक्षता, अनुभव, अथक लगाव र दृढ संकल्पका अतिरिक्त सरोकारवाला निकाय र समाजसँगको सहकार्य र समन्वय समेत महत्वपूर्ण रहेको बताउनुभयो। पीडित तथा साक्षी संरक्षणको सुनिश्चितता, मानवअधिकारको संरक्षण, महिला तथा बालबालिका विरुद्धको हिंसाजन्य घटनाको अनुसन्धानमा थप संवेदनशिल भई शून्य सहनशीलतालाई गम्भीरताका साथ मनन गर्न प्रहरी कर्मचारीहरूलाई उहाँले निर्देशन समेत दिनुभयो।

नेपाल प्रहरी प्रधान कार्यालय अपराध अनुसन्धान विभागका प्रमुख प्रहरी अतिरिक्त महानिरीक्षक टेकबहादुर तामाङ, मुख्य न्यायाधिवक्ताको कार्यालय पोखराका मुख्य न्यायाधिवक्ता चिरञ्जीवी शर्मा पौडेल र स्थानीय न्यायिक समितिका संयोजक पोखरा महानगरपालिकाका उपप्रमुख मञ्जु गुरुङले आ-आफ्नो मन्तव्य व्यक्त गर्दै गोष्ठीको महत्वबारे चर्चा गर्नुभएको थियो। गण्डकी प्रदेश प्रहरी कार्यालय पोखराका प्रमुख प्रहरी नायव महानिरीक्षक बुद्धिराज गुरुङले धन्यवाद ज्ञापन गर्नुभएको उक्त गोष्ठीमा नेपाल प्रहरी प्रधान कार्यालय अपराध अनुसन्धान विभागका प्रहरी वरिष्ठ उपरीक्षक बसन्त रजौरेले स्वागत मन्तव्य एवं गोष्ठीको औचित्यबारे प्रकाश पार्नुभएको थियो। उच्च सरकारी वकिल कार्यालय पोखराका सहन्यायाधिवक्ता यदुनाथ शर्मा, नेपाल प्रहरी प्रदेश कार्यालयका प्रहरी वरिष्ठ उपरीक्षक दिपक रेग्मी, गण्डकी प्रदेश मातहत ११ वटा जिल्लाका जिल्ला प्रहरी कार्यालयका प्रमुखहरु, नेपाल प्रहरी प्रधान कार्यालयका प्रतिनिधिले अपराध अनुसन्धानको समग्र बस्तुस्थिति, चुनौती र अनुसन्धानमा गरिएका नवीन प्रयोगहरुको विषयमा प्रस्तुतीकरण गर्नुभएको थियो। उक्त गोष्ठीमा अपराध अनुसन्धानमा देखिएका समस्या र त्यसका समाधान लगायतका विषयवस्तुहरूमा विस्तृत छलफल गरिएको थियो। गोष्ठीमा वरिष्ठ प्रहरी अधिकृतहरू, संचारकर्मी एवम् प्रदेश अन्तर्गत अपराध अनुसन्धान शाखामा कार्यरत प्रहरी अधिकृतहरुको समेत सहभागिता रहेको थियो।

## दर्ज्यानी चिन्हद्वारा सुशोभित





***काठमाडौं, ०८ पुस***

प्रहरी महानिरीक्षकको मिति २०८० पुष ०४ गतेको निर्णयानुसार जनपद तर्फका प्रहरी सहायक निरीक्षक पदबाट प्रहरी नायव निरीक्षक पदमा बढुवा नियुक्ति भएका जुनियर प्रहरी अधिकृतहरुको नेपाल प्रहरी प्रधान कार्यालय, अपराध अनुसन्धान विभागका विभागिय प्रमुख प्रहरी अतिरिक्त महानिरीक्षक टेक बहादुर तामाङद्धारा दर्ज्यानी चिन्ह सुशोभन कार्यक्रम सम्पन्न भयो। बढुवा भएका मध्ये अपराध अनुसन्धान विभागमा कार्यरत प्रहरी नायव निरीक्षक दिनेश राना, नारायण खनाल र प्रकाश खतिवडा हुनुहुन्थ्यो। प्रहरी कर्मचारीहरुलाई दर्ज्यानी चिन्ह सुशोभन गर्ने क्रममा प्रहरी अतिरिक्त महानिरीक्षक तामाङले बधाई दिँदै आगामी दिनमा अझ बढी व्यावसायिकता प्रदर्शन गर्दै प्राप्त जिम्मेवारीलाई वहन गर्न निर्देशन दिनुभयो। उक्त कार्यक्रममा सिनियर प्रहरी अधिकृत, जुनियर प्रहरी अधिकृत तथा अन्य दर्जाका प्रहरी कर्मचारीहरुको उपस्थिति रहेको थियो।

## दर्ज्यानी चिन्हद्वारा सुशोभित



***काठमाडौं, १८ पुस***

प्रहरी अतिरिक्त महानिरीक्षकको मिति २०८० पुष १३ गतेको निर्णयानुसार जनपद तर्फका प्रहरी वरिष्ठ हवल्दार पदबाट प्रहरी सहायक निरीक्षक पदमा बढुवा नियुक्ति भएका जुनियर प्रहरी अधिकृतहरुको नेपाल प्रहरी प्रधान कार्यालय, अपराध अनुसन्धान विभागका विभागिय प्रमुख प्रहरी अतिरिक्त महानिरीक्षक टेक बहादुर तामाङद्धारा दर्ज्यानी चिन्ह सुशोभन कार्यक्रम सम्पन्न भयो। बढुवा भएका मध्ये अपराध अनुसन्धान विभागमा कार्यरत प्रहरी सहायक निरीक्षक शुभलक्ष्मी लामा, सुरेस वन, सुमन श्रेष्ठ र लाल बहादुर कार्की हुनुहुन्थ्यो। प्रहरी कर्मचारीहरुलाई दर्ज्यानी चिन्ह सुशोभन गर्ने क्रममा प्रहरी अतिरिक्त महानिरीक्षक तामाङले बधाई दिँदै आगामी दिनमा अझ बढी व्यावसायिकता प्रदर्शन गर्दै प्राप्त जिम्मेवारीलाई वहन गर्न निर्देशन दिनुभयो। उक्त कार्यक्रममा सिनियर प्रहरी अधिकृत, जुनियर प्रहरी अधिकृत तथा अन्य दर्जाका प्रहरी कर्मचारीहरुको उपस्थिति रहेको थियो।

## "Daily Incident Reporting System" DIRS तालिम सम्पन्न



***काठमाडौं, पुष १८***

राष्ट्रिय प्रहरी प्रतिष्ठान, महाराजगञ्जको तत्वावधानमा नेपाल प्रहरी प्रधान कार्यालय, सूचना प्रविधि निर्देशनालयका प्रमुख प्रहरी नायव महानिरीक्षक अरुण कुमार भण्डारीको प्रमुख आतिथ्यतामा मिति २०८० मंसिर २७ गते देखि संचालित १६ कार्यदिन अवधिको गैह्-आवासीय आधारभुत तालिम तालिम २०८० पुष १८ गते सम्पन्न भयो। उक्त तालिममा प्रहरी नायव निरीक्षक १, प्रहरी सहायक निरीक्षक ५, प्रहरी वरिष्ठ हवल्दार ३, प्रहरी हवल्दार ६, प्रहरी सहायक हवल्दार ६ जना र प्रहरी जवान १५ जना गरी जम्मा ३६ जना प्रशिक्षार्थीहरुको सहभागिता रहेको थियो। **"Daily Incident Reporting System"** तालिमबाट कम्प्युटर सम्बन्धी ज्ञान शिप हासिल गर्नुका साथै दैनिक रुपमा घटेका घटनाहरुलाई Entry गर्न र दक्ष प्रहरी जनशक्तिबाट सम्वन्धित प्रहरी कार्यालयहरुमा सघाउ पुग्ने विश्वास लिदैं तालिम सफलतापूर्वक सम्पन्न गरेकोमा सहभागीहरुलाई प्रहरी नायब महानिरीक्षक अरुण कुमार भण्डारीले बधाई समेत व्यक्त गर्नुभयो। उक्त अवसरमा भण्डारीले प्रशिक्षार्थीहरुलाई प्रमाण-पत्र वितरण गर्दै प्रशिक्षार्थीले तालिमबाट प्राप्त गरेका ज्ञान, सिप र दक्षतालाई आ-आफ्नो कार्य क्षेत्रमा जिम्मेवारी पूर्वक त्रुटिरहित ढंगबाट कार्य सम्पादन गर्नुपर्ने बताउनुभयो।

## इन्टरपोलबाट रेड नोटिस जारी भएका फरार व्यक्ति कुवेतबाट पक्राउ



***काठमाडौं, ३ पुस***

जबरजस्ती करणी मुद्दामा इन्टरपोलबाट रेड नोटिस जारी भई फरार रहेका काभ्रेपलान्चोक चौरीदेउराली गाँउपालिका-८ घर भएका ३१ वर्षीय उमेश लामा पक्राउ परेका छन्। एनसिबि कुवेतको समन्वयमा कुवेतमा पक्राउ परेका उनलाई सम्बन्धित मुद्दामा कारवाही गर्ने/गराउने प्रयोजनार्थ नेपाल फिर्ता ल्याइएको छ। लामाविरुद्ध प्रहरी वृत्त जगाती भक्तपुरमा जबरजस्ती करणी मुद्दामा मुद्दा दर्ता भएपछि अनुसन्धानको क्रममा उनी वैदेशिक रोजगारीको सिलसिलामा कुवेतमा रहेको खुल्न आएको थियो। अन्तर्राष्ट्रिय स्तरमा खोजतलास एवं पक्राउ गर्नको लागि नेशनल सेन्ट्रल व्यूरो (एनसिबी) काठमाडौंको अनुरोधमा इन्टरपोल महासचिवालयबाट २०८० असोज ११ गते उनी विरुद्ध रेड नोटिस जारी भएको थियो। यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

## इन्टरपोलबाट रेड नोटिस जारी भएका चार जना फरार प्रतिवादी एकहप्ताभित्र पक्राउ




***काठमाडौं, ४ पुस***

इन्टरपोल तथा विभिन्न सदस्य राष्ट्रहरुको समन्वयमा विभिन्न मुद्दामा इन्टरपोल महासचिवालयबाट रेड नोटिस जारी भएका चार जना फरार प्रतिवादीलाई पक्राउ गरी यसै हप्ता नेपाल फिर्ता ल्याउन नेपाल प्रहरी सफल भएको छ। नेपाल ल्याइएका मध्ये यूएईको दुबईबाट ३ जना र कुवेतबाट १ जना रहेका छन्। विद्युतीय कारोबारको कसूरमा इन्टरपोलबाट रेड नोटिस जारी भई फरार रहेका प्यूठान सरूमारानी गाउँपालिका-१ का ३३ वर्षीया सगीर अहमदलाई नेपाल फिर्ता ल्याइएको छ। अनुसन्धानको क्रममा यूएईमा रहेको खुल्न आएका अहमद विरुद्ध अन्तर्राष्ट्रिय स्तरमा खोजतलास एवं पक्राउ गर्नको लागि नेपाल प्रहरी प्रधान कार्यालय इन्टरपोल शाखाको अनुरोधमा इन्टरपोल

महासचिवालयबाट गत भदौ २० गते रेड कर्नर नोटिस जारी भएकोमा उक्त शाखाबाट खटिएको प्रहरीले दुबईबाट पक्राउ गरी नेपाल ल्याएको हो । उनलाई सम्बन्धीत कसूरमा आवश्यक कारवाहीका लागि साइबर ब्यूरो भोटाहिटीमा बुझाइएको छ । यसैगरी जबरजस्ती करणी मुद्दामा इन्टरपोलबाट रेड नोटिस जारी भई फरार रहेका स्याङजा वालिङ नगरपालिका-११ भोर्लेका ३५ वर्षीय गोपाल बुढाथोकी भन्ने याम बहादुर बुढाथोकीलाई बुधबार नेपाल फिर्ता ल्याइएको छ । अनुसन्धानको क्रममा यूएईमा रहेको खुल्न आएका बुढाथोकी विरुद्ध अन्तर्राष्ट्रिय स्तरमा खोजतलास एवं पक्राउ गर्नको लागि नेपाल प्रहरी प्रधान कार्यालय इन्टरपोल शाखाको अनुरोधमा इन्टरपोल महासचिवालयबाट गत भदौ २०७९ जेठ १८ गते रेड कर्नर नोटिस जारी भएकोमा उक्त शाखाबाट खटिएको प्रहरीले दुबईबाट पक्राउ गरी नेपाल ल्याएको हो । उनलाई सम्बन्धीत कसूरमा आवश्यक कारवाही गराउने कार्य प्रकृयामा रहेको छ ।यसअघि जबरजस्ती करणी मुद्दामा इन्टरपोलबाट रेड नोटिस जारी भई फरार रहेका काभ्रेपलान्चोक चौरीदेउराली गाँउपालिका-८ घर भएका ३१ वर्षीय उमेश लामालाई कुवेतबाट मंगलबार र ठगी मुद्दामा इन्टरपोलबाट रेड नोटिस जारी भई फरार रहेका सर्लाही साबिक जानकीनगर गाविस-७ का कोमल राज उपाध्यायलाई यूएईको दुबईबाट पक्राउ गरी मंसिर २९ गते नेपाल फिर्ता ल्याइएको थियो ।

## इन्टरपोलबाट रेड नोटिस जारी भएका फरार व्यक्ति कतारबाट पक्राउ

***काठमाडौं, ९ पुस***

ठगी तथा संगठित अपराध मुद्दामा इन्टरपोलबाट रेड नोटिस जारी भई फरार रहेका धनुषा औरही गाउँपालिका-५ का ४४ वर्षीय रजिन्द्र पासमान पक्राउ परेका छन् । एनसिबि दोहा, कतारको समन्वयमा कतारमा पक्राउ परेका उनलाई सम्बन्धित मुद्दामा कारवाही गर्ने/गराउने प्रयोजनार्थ



सोमबार नेपाल फिर्ता ल्याइएको छ । पासमान लगायत अन्य व्यक्तिहरूले पीडितको माछापुच्छ्रे बैंकको खातामा रहेको ९ लाख रूपैयाँ अनाधिकृत रूपमा ट्रान्सफर गरी उक्त रकम विभिन्न बैंकहरूको एटिएम कार्डहरू मार्फत निकालेर प्रयोग गरेको र अनुसन्धानको क्रममा उनी वैदेशिक रोजगारीको सिलसिलामा कतारमा रहेको खुल्न आएको थियो । अन्तर्राष्ट्रिय स्तरमा खोजतलासको लागि इन्टरपोल शाखाको अनुरोधमा इन्टरपोल महासचिवालयबाट सन् २०२३ डिसेम्बर ७ मा उनी विरुद्ध रेड नोटिस जारी भएको थियो । यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ ।

## इन्टरपोलबाट डिफ्युजन नोटिस जारी भएका फरार व्यक्ति मकाउबाट पक्राउ



***काठमाडौं, २२ पुस***

ठगी मुद्दामा इन्टरपोलबाट डिफ्युजन नोटिस जारी भई फरार रहेका काठमाडौं तारकेश्वर नगरपालिका-१ घर भएका सफल राज कुँवर पक्राउ परेका छन् । उनलाई सम्बन्धित मुद्दामा कारवाही गर्ने/गराउने प्रयोजनार्थ शनिबार नेपाल फिर्ता ल्याइएको छ । कुँवर लगायत अन्य व्यक्तिहरूले पीडितहरूलाई विभिन्न प्रलोभनमा पारी मकाउमा राम्रो काम हुन्छ भनी ठगी गरेको अपराध मुद्दाका फरार प्रतिवादी कुँवर मकाउमा रहेको खुल्न आएको थियो । अन्तर्राष्ट्रिय स्तरमा खोजतलासको लागि इन्टरपोल शाखाको अनुरोधमा इन्टरपोल महासचिवालयबाट २०१८ सेप्टेम्बर ११ मा उनी विरुद्ध डिफ्युजन नोटिस जारी भएको थियो । यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ ।

## इन्टरपोलबाट रेड नोटिस जारी भएको पाँच दिनभित्रै फरार व्यक्ति कतारबाट पक्राउ

***काठमाडौं, २५ पुस***


जबरजस्ती करणी मुद्दामा इन्टरपोलबाट रेड नोटिस जारी भएका फरार प्रतिवादी खोटाङ हलेसी तुवाचुङ नगरपालिका-७ ठेगाना भएका १९ वर्षीय किरण राई रेड नोटिस जारी भएको ५ दिन भित्रै पक्राउ परेका छन् । एनसिबि दोहाको समन्वयमा कतारमा पक्राउ





परेका उनलाई सम्बन्धित मुद्दामा कारवाही गर्ने/गराउने प्रयोजनार्थ नेपाल फिर्ता ल्याइएको छ । राई विरुद्ध जिल्ला प्रहरी कार्यालय खोटाङमा जबरजस्ती करणी मुद्दा दर्ता भएपछि अनुसन्धानको क्रममा उनी वैदेशिक रोजगारीको सिलसिलामा कतारमा रहेको खुल्न आएको थियो । अन्तर्राष्ट्रिय स्तरमा खोजतलास एवं पक्राउ गर्नको लागि नेशनल सेन्ट्रल व्यूरो (एनसिबी) काठमाडौंको अनुरोधमा इन्टरपोल महासचिवालयबाट यही पुस २० गते उनी विरुद्ध रेड नोटिस जारी भएको थियो । यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ ।

# अपराध तथ्याङ्क


## काठमाडौं उपत्यका तथा प्रदेशहरुको पुस महिनाको अपराध तथ्याङ्क (मुद्दा दर्ता संख्या)





## त्रैमासिक उपत्यका तथा प्रदेशगत मुद्दा दर्ता संख्या (कार्तिक-पुस)




## त्रैमासिक मुद्दा दर्ता र फछ्यौंट संख्या (कार्तिक-पुस)





## वार्षिक अपराध तंथ्याक (०७७/०७८ देखि ०८०|०८१ पुस सम्म)




## जघन्य अपराधको प्रदेशगत मुद्दा दर्ता ( आ.व. २०७८०।०८१ पुस)





## गम्भीर अपराधको प्रदेशगत मुद्दा दर्ता (आ.व. २०७८०।०८१ पुस)




## सामान्य अपराधको प्रदेशगत मुद्दा दर्ता संख्या (आ.व. २०८०।०८१ पुस)





## २०८० पुस महिनामा घरेलु हिंसा सम्बन्धी विवरण



## २०८० पुस महिनामा जबरजस्ती करणी मुद्दामा पीडित र अभियुक्तको सम्बन्ध विश्लेषण





## २०८० पुस महिनामा भौगोलिक स्थानको आधारमा जबरजस्ती करणीको घटनास्थल संख्यागत विवरण




## २०८० पुस महिनाको फैसला कार्यान्वयन तर्फको फरार अभियुक्तको पक्राउ संख्या

| सि.नं. | प्रदेश/उपत्यका/व्यूरोको नाम | कुल पक्राउ संख्या | कैद | असुल जरिवाना (रु.) |
|---|---|---|---|---|
| १. | काठमाण्डौ उपत्यका प्रहरी कार्यालय, रानीपोखरी | ५७ | २१ वर्ष १० महिना ४ दिन | १०३२४९५३ |
| २. | कोशी प्रदेश प्रहरी कार्यालय, विराटनगर | २५३ | १६१ वर्ष ३ महिना २७ दिन | ३६१५७५ |
| ३. | मधेश प्रदेश प्रहरी कार्यालय, जनकपुर | ७८२ | ७५ वर्ष ३ महिना १७ दिन | ९३७९५१० |
| ४. | बाग्मती प्रदेश प्रहरी कार्यालय, हेटौडा | ११३ | १०१ वर्ष ७ महिना १२ दिन | ६६३६२०७ |
| ५. | गण्डकी प्रदेश प्रहरी कार्यालय, पोखरा | ९९ | ५६ वर्ष १० महिना | ६७९७०३६ |
| ६. | लुम्बिनी प्रदेश प्रहरी कार्यालय, दाङ | ३५६ | १११ वर्ष ३ महिना १५ दिन | ४२२१६६६ |
| ७. | कर्णाली प्रदेश प्रहरी कार्यालय, सुर्खेत | १७ | ४ वर्ष ६ महिना २२ दिन | ४७०३५० |
| ८. | सुदूरपश्चिम प्रदेश प्रहरी कार्यालय, धनगढी | २७ | ३ वर्ष ४ महिना १५ दिन | १६२४४४ |
| ९. | केन्द्रीय अनुसन्धान व्यूरो, महाराजगञ्ज | ७ | २९ वर्ष ८ महिना २३ दिन | २४०००००० |
| | **जम्मा** | **१७११ जना** | **५६१ वर्ष ५४ महिना १३५ दिन** | **रु. ६,२३,५३,७४१।-** |

## २०८० पुस महिनाको लागू औषध कारोवारमा संलग्न व्यक्ति पक्राउ तथा मुद्दा संख्या





## २०८० मंसिर र पुस महिनाको लागू औषध कारोवारमा संलग्न व्यक्ति पक्राउ संख्या



# प्रहरी सेवा प्रवाह

## २०८० पुस महिनामा प्रहरी चारित्रिक प्रमाणपत्रका लागि अपराध अभिलेख चेकजाँच सम्बन्धी संख्या





## २०८० पुस महिनामा चालचलन शाखाको प्रगती विवरण

| क्र.सं. | बिवरण | प्रगती | |
|---|---|---|---|
| | | दर्ता | बितरण |
| १ | Online System मार्फत प्रहरी चारित्रिक प्रमाण पत्र दर्ता/बितरण | ९९९२१ | ८२९१८ |
| २ | तालुक गृह मन्त्रालय सीमा तथा अध्यागमन शाखाबाट कार्य सहमतिको लागि तथा स्थानीय प्रशासन तथा प्रदेश समन्वय शाखावाट Security Clearance को लागि प्राप्त | २७३ | २६१ |
| ३ | नागरिक उड्ड्यन कार्यालय प्रहरी प्रतिवेदन | १७५ | १४० |
| ४ | राजदुतावासहरुबाट प्राप्त (अपराधिक अभिलेख) | १७ | १७ |
| ५ | औंठाछाप प्रमाणिकरण | २७३ | २७३ |
| ६ | अन्य (रिट निवेदन/उजुरी छानबिन) | ५ | ५ |
| **जम्मा** | | १००६६४ | ८३६१४ |

## सामुदायिक प्रहरी गतिविधि

२०८० पुस महिनामा सामुदायिक सुरक्षा महाशाखा मातहत देशभरिका समुदाय-प्रहरी साझेदारी र सामुदायिक प्रहरी सेवा केन्द्रहरूद्वारा समुदाय-प्रहरी साझेदारी कार्यक्रम अन्तर्गत सञ्चालित कार्यक्रम एवम् गतिविधिहरु :
(गृह प्रशासन सुधार कार्ययोजना २०७४, बुँदा नं. १२४ कार्यक्रमहरू)




# आसरा सुधार केन्द्र

## २०८० पुस महिनामा लागू औषध सेवनकर्ताहरुको उपचारार्थ संख्या




## पुस महिनामा नेपालमा रहेका विदेशी नागरिकहरुको संख्यात्मक विवरण


| सि.न. | कार्य बिबरण | संख्या |
|---|---|---|
| १. | विदेशी नागरिकहरूको मृत्यु | १४ जना |
| २. | विदेशी नागरिकहरूको पक्राउ | १४ जना |
| ३. | हराएका विदेशी नागरिक | ०१ जना |
| ४. | नेपालको बिभिन्न क्षेत्रमा ट्रेकिङ गएका विदेशी नागरिकहरुको बिवरण | ७,३१८ जना |
| ५. | विदेशी नागरिकहरु पक्राउ गरी थप कारवाहीका लागि अध्यागमन कार्यालय पठाईएको | ०५ जना |

# खोजतलास तथा समन्वय

## २०८० पुस महिनामा हराएका, फेला परेका तथा खोजतलास भएका बालबालिकाहरुको संख्या



## पुस महिनामा वेवारिसे फेला परेका मध्ये पारिवारिक पुनर्मिलन र बालगृहमा रहेका बालबालिका सम्बन्धी संख्यात्मक विवरण





# अपराध अनुसन्धानमा सहायता प्रदान

### डिजिटल फरेन्सिक ल्याव (Digital Forensic Lab)

- Digital Forensics Lab बाट २०८० सालको पुस महिनामा बिभिन्न १४ वटा मुद्दा शिर्षक (ज्यान सम्बन्धी कसूर, आत्महत्या दुरुत्साहन, झुण्डी मृत्यु, मानव वेचविखन, बिद्युतिय कसूर, जबरजस्ती करणी, लागु औषध, कर्तब्य ज्यान, चोरी, ठगी, संगठित अपराध, बालयौन दुरुपयोग, बैकिङ कसुर, अनलाईन ठगी, जवरजस्ति करणी, सुन तस्करी) अन्तर्गत ५१ वटा मुद्दाको २५३ वटा सबुदहरु परिक्षण गरिएको।

### दुरसंचार समन्वय शाखा (Telecommunication Co-ordination Centre )

- पुस महिनामा अपराध अनुसन्धानको सिलसिलामा विभिन्न प्रहरी ईकाईहरु तथा नेपाल प्रहरी प्रदेश कार्यालयहरुबाट माग भई आएका Operational Data हरु दूरसंचार सेवा प्रदायक संस्थाहरुसँग समन्वय गरी निम्नानुसारको संख्यामा समयमै सम्बन्धित कार्यालयहरुलाई उपलब्ध गराएको।





## नेपाल प्रहरी केन्द्रीय विधि विज्ञान प्रयोगशाला (NPCFSL), सामाखुशी

- नेपाल प्रहरी केन्द्रीय विधि विज्ञान प्रयोगशाला सामाखुशी काठमाण्डौबाट **२०८०/०९/०१ गतेदेखि २०८०/०९/२९ गतेसम्म** विभिन्न मुद्दा चल्ने प्रहरी कार्यालयहरुबाट परीक्षणको लागि **५४९** केशहरु र **३३३८** नमूनाहरु प्राप्त भएकोमा नयाँ / पुरानो पेण्डीङ केशहरु समेत गरी **५४५** केशहरु र **५०७०** नमूनाहरु परीक्षण गरिएको।
- मिति २०८०/०९/०१ गते देखि २०८०/०९/२९ गते सम्म यस प्रयोगशालाबाट (AFIS) मा **१७९४** DATA Entry भएको।
- **नेपाल प्रहरी प्रदेश कार्यालय, विधि विज्ञान इकाई, धरान, सुनसरीबाट २०८०/०९/०१ गतेदेखि २०८०/०९/२९ गतेसम्म** विभिन्न मुद्दा चल्ने प्रहरी कार्यालयहरुबाट परीक्षणको लागि **१७१** केशहरु र **६२२** नमूनाहरु प्राप्त भएकोमा नयाँ / पुरानो पेण्डीङ केशहरु समेत गरी **२२२** केशहरु र **७२५** नमूनाहरु परीक्षण गरिएको।
- **नेपाल प्रहरी प्रदेश कार्यालय, विधि विज्ञान इकाई, गणेशमानचोक, नेपालगंजबाट २०८०/०९/०१ गतेदेखि २०८०/०९/२९ गतेसम्म** विभिन्न मुद्दा चल्ने प्रहरी कार्यालयहरुबाट परीक्षणको लागि **५५** केशहरु र **१७९** नमूनाहरु प्राप्त भएकोमा नयाँ / पुरानो पेण्डीङ केशहरु समेत गरी **१३३** केशहरु र **४१८** नमूनाहरु परीक्षण गरिएको।

## केनाईन (K9) महाशाखा, महाराजगञ्ज

### २०८० पुस महिनामा परिचालित संख्या






*कुकुरले संकेत गर्दै ह्याण्डलरलाई*

# अपराध समाचार

## कर्तव्य ज्यान सम्बन्धी

### कर्तव्य ज्यान मुद्दाका फरार प्रतिवादी पक्राउ

***काठमाडौं, ४ पुस***

कर्तव्य ज्यान मुद्दाका फरार प्रतिवादी सिन्धुपाल्चोक साविक ठूलोपाखर गाविस-२ बस्ने ४२ वर्षीय काले वाङगेल भन्ने निमा लामालाई प्रहरीले पक्राउ गरेको छ। जिल्ला अदालत सिन्धुपाल्चोकको २०७१ चैत १७ गतेको फैसलाले कर्तव्य ज्यान मुद्दामा २० वर्ष कैद सजाय ठहर भई सजाय कार्यान्वयनको क्रममा कारागार कार्यालय सिन्धुपाल्चोकमा थुनामा रहेका थिए। २०७२ वैशाख १२ गतेको भूकम्पपछि भत्कीएको कारागारबाट भागी, अन्य थुनुवा-कैदीलाई भगाई फरार रहेका उनलाई केन्द्रीय अनुसन्धान ब्यूरो महाराजगंजबाट खटिएको प्रहरीले कास्की विजयपुरबाट पक्राउ गरेको हो । साथै जिल्ला अदालत सिन्धुपाल्चोकको २०७४ फागुन ९ गतेको फैसलाले थुनुवा कैदी भागे भगाएको मुद्दामा लामालाई थप ९ वर्ष ६ महिना २० दिन कैद हुने ठहर गरेको छ। उनलाई फैसला कार्यान्वयनका लागि जिल्ला अदालत काठमाडौंमा पेश गरिएको छ।

### कर्तव्य ज्यान मुद्दाका फरार अभियुक्त ७ वर्षपछि पक्राउ

*काठमाडौं, ५ पुस*

कर्तव्य ज्यान मुद्दाका फरार अभियुक्त अर्घाखाँची साबिक सिमलपानी गाविस-५ घर भएका ३७ वर्षीय अंकित भन्ने जगत बिकलाई घटनाको ७ वर्ष पछि प्रहरीले पक्राउ गरेको छ । बिक समेतले २०७४ पुस ३० गते मकवानपुर हाँडिखोला घर भएकी ५० वर्षीया अप्सरा भन्ने नारायणी तिमिल्सिनाको काठमाडौं महानगरपालिका-१४ भुवनेश्वरी मन्दिर परिसरभित्र हत्या गरी फरार रहेका उनलाई काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयबाट खटिएको प्रहरीले त्रिभुवन अन्तराष्ट्रिय विमानस्थलबाट पक्राउ गरेको हो । साथै सोही घटनामा संलग्न रहेका धादिङ साविक मुलपानी गाविस-७ घर भएका ४६ वर्षीय शिवराम अधिकारी नकबजनी चोरी मुद्धामा नाम परिवर्तन गरी अर्जुन अधिकारीको नाममा जेल सजाय भोगी रहेको खुल्न आएको छ । जगतलाई आवश्यक कारवाहीको लागि प्रहरी वृत्त कालीमाटी पठाइएको छ।

### हत्या गरेको अभियोगमा पक्राउ

*कास्की, १३ पुस*

श्रीमती २८ वर्षीया रेखा घर्तीको हत्या गरेको अभियोगमा पोखरा महानगरपालिका-२९ नौबीसे बस्ने म्याग्दी धौलागिरी गाउँपालिका-७ ताकम घर भएका ३६ वर्षीय रत्न बहादुर घर्तीलाई प्रहरीले पक्राउ गरेको छ। रत्नले पोखरा महानगरपालिका-२९ नौबीसे चोकस्थित तोरी बारीमा रेखाको हत्या गरेको भन्ने खबर प्राप्त हुनासाथ ईलाका प्रहरी कर्यालय शिशुवाबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो। यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ।

### हत्या गरेको अभियोगमा पक्राउ

*ईलाम, २४ पुस*

आफ्नै छोरा १९ वर्षीय जीवन राईको हत्या गरेको अभियोगमा माई नगरपालिका-६ बिहिबारे बस्ने ३६ वर्षीय दिल कुमार राईलाई प्रहरीले पक्राउ गरेको छ । घरायसी विवादको क्रममा दिल कुमारले खुकुरी प्रहार गर्दा गम्भीर घाइते भएका जीवनको बिएण्डसी अस्पताल विर्तामोडमा उपचारको क्रममा मृत्यु भएको हो। घटनाको खबर प्राप्त हुनासाथ प्रहरी चौकी महमाईबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो ।यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

## बैंकिङ कसूर, चोरी तथा ठगी सम्बन्धी

### विभिन्न धनमाल चोरी

***काठमाडौं, २ पुस***

ललितपुर ,ललितपुर महानगरपालिका-३ सानेपा ओमशान्ति मार्ग बस्ने ६१ वर्षीय ठाकुर ढकालको घरबाट सुनका विभिन्न गहना र नगद ४० हजार रूपैयाँ तथा अमेरिकी डलर ७ सय समेत गरी करिब २१ लाख २ हजार ४ सय रूपैयाँ बराबरको धनमाल चोरी भएको छ। धनुषा ,जनकपुर उपमहानगरपालिका-९ प्रदेश कार्यालय अगाडि बस्ने फुलबाबु यादवको घरबाट सुनका विभिन्न गरगहना गरी करिब ४ लाख रूपैयाँ बराबरको धनमाल चोरी भएको छ। प्रहरीले चोरीमा संलग्न हाल फरार व्यक्तिहरूको खोजी गर्नुको साथै यस सम्बन्धमा आवश्यक अनुसन्धान गरिरहेको छ।

### बैंकिङ कसूर मुद्दाका फरार २ जना प्रतिवादी पक्राउ

*काठमाडौं, ४ पुस*

बैंकिङ कसूर मुद्दाका फरार प्रतिवादी पर्वत कुश्मा नगरपालिका-१० घर भई सोही नगरपालिका-६ मा सुन व्यवसाय गरी बस्ने सरोज खाती र स्याङजा आधिखोला गाउँपालिका-३ घर भई काठमाडौं चक्रपथस्थित सूर्य चन्द्र ज्वेलरी केन्द्र संचालन गरी बस्ने ६१ वर्षीय भीम बहादुर विश्वकर्मालाई प्रहरीले पक्राउ गरेको छ। पक्राउ परेकामध्ये बैंकिङ कसूर मुद्दामा १० दिन कैद र २० लाख रुपैयाँ जरिवाना ठहर भई फरार रहेका सरोजलाई कास्की न्यूरोड र बैंकिङ कसूर मुद्दामा २३ दिन कैद र ८० लाख रुपैयाँ जरिवाना ठहर भई फरार रहेका भीम बहादुरलाई कास्की पामेपोखरीबाट पक्राउ गरेको हो। दुवै जनालाई फैसला कार्यान्वयनका लागि जिल्ला अदालत काठमाडौंमा पेश गरिएको छ।

### करिब १२ लाख मूल्य बराबरको गहना चोरी

*काठमाडौं, ६ पुस*

बिजयनगर गाउँपालिका-७ लालपुर बस्ने ४९ वर्षीय राज बहादुर कुर्मी चौधरीको घरबाट झ्याल र ढोका खुला रहेको मौकामा सुन र चाँदीका विभिन्न गहना गरी १२ लाख रूपैयाँ बराबरको धनमाल चोरी भएको छ। प्रहरीले चोरीमा संलग्न हाल फरार व्यक्तिको खोजी गर्नुको साथै यस सम्बन्धमा थप अनुसन्धान गरिरहेको छ।

### स्रोत नखुलेको रकमसहित एक जना पक्राउ

***मोरङ, १२ पुस***

बिराटनगर महानगरपालिका-६ केशलिया मार्गबाट स्रोत नखुलेको नगद १९ लाख ९० हजार रूपैयाँसहित सुनसरी देवानगंज गाउँपालिका-५ बस्ने ४९ वर्षीय सुरेन्द्र प्रसाद साहलाई प्रहरीले पक्राउ गरेको छ । जिल्ला प्रहरी कार्यालय मोरङबाट खटिएको प्रहरीले को.७ प ५२२१ नम्बरको मोटरसाइकललाई जाँच गर्ने क्रममा चालक साहलाई उक्त नगदसहित पक्राउ गरेको हो। यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

## अमेरिका पठाइदिन्छु भन्दै रकम ठगी गर्ने व्यक्ति पक्राउ

*काठमाडौं, १३ पुस*

अमेरिका पठाइदिन्छु भन्दै १४ लाख ९० हजार रूपैयाँ ठगी गरेको अभियोगमा काभ्रेपलाञ्चोक बनेपा नगरपालिका-४ घर भई काठमाडौं महानगरपालिका-२६ सामाखुसी बस्ने ४६ वर्षीया पार्वती थापालाई प्रहरीले पक्राउ गरेको छ।

थापाले १ जनालाई वैदेशिक रोजगारीका लागि अमेरिका पठाई प्रतिष्ठित कम्पनीमा मासिक ३ लाख ५० हजार रूपैयाँ भन्दा बढी तलबमा काम लगाइदिन्छु भन्दै प्रलोभनमा पारी पीडितबाट पटक पटक गरी उक्त रकम लिई सम्पर्क बिहीन भई ठगी गरेकोले पक्राउ गरी उपस्थित गराउन वैदेशिक रोजगार विभागबाट पत्राचार भएपछि काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय मिनभवनबाट खटिएको प्रहरीले उनलाई काठमाडौं समाखुसीबाट पक्राउ गरेको हो।उनलाई थप अनुसन्धान तथा कारबाहीको लागि वैदेशिक रोजगार विभाग ताहाचल काठमाडौं पठाइएको छ।

## १० करोड रूपैयाँ भन्दा बढी रकम ठगी गर्ने व्यक्ति पक्राउ

*काठमाडौं, १७ पुस*

वैदेशिक रोजगारीका लागि विभिन्न देशहरूमा पठाइदिने भन्दै १० करोड रूपैयाँ भन्दा बढी रकम ठगी गरेको अभियोगमा ललितपुर कोन्जोसोम गाउँपालिका-१ बस्ने सी स्टार ट्रेनिङ सेन्टरका संचालक ४७ वर्षीय लाल बहादुर लामालाई प्रहरीले पक्राउ गरेको छ। काठमाण्डौ महाराजगंजस्थित उक्त ट्रेनिङ सेन्टर संचालन गरेका लामाले पीडितहरूलाई वैदेशिक रोजगारीको लागि लिथोनिया, क्यानडा, सिंगापुर जस्ता मुलुकहरूमा आकर्षक तलबको प्रलोभनमा पारी पीडितहरूबाट उक्त रकम ठगी गरी फरार रहेका उनलाई काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय मिनभवनबाट खटिएको प्रहरीले काठमाडौं महानगरपालिका-३१ शंखमूलबाट पक्राउ गरेको हो। लामाले पीडितहरूबाट ५ लाखदेखि १५ लाख रूपैयाँसम्म लिई वैदेशिक रोजगारमा पठाउन नसकेको र कतिपय व्यक्ति सिंगापुर पुगेपछि विमानस्थलबाटै नेपाल फर्काइएको समेत अनुसन्धानको क्रममा खुल्न आएको छ। उक्त ट्रेनिङ सेन्टरबाट ९ सय ९७ थान राहदानी समेत बरामद भएको छ। उनलाई थप अनुसन्धान तथा कारवाहीको लागि वैदेशिक रोजगार विभाग ताहाचल काठमाडौं पठाइएको छ।

## ४७ किलो अवैध चाँदीसहित ३ जना पक्राउ

*काठमाडौं, २४ पुस*

काठमाडौं महानगरपालिका-२१ भोटेबहाल, कोटेश्वर लगायतका स्थानहरूबाट ४७ किलो अवैध चाँदीका विभिन्न गरगहनाहरूसहित ३ जनालाई प्रहरीले पक्राउ गरेको छ। पक्राउ पर्नेहरूमा बारा कैलया नगरपालिका-१० का ५० वर्षीय कामेश्वर शाह, पर्सा वीरगंज महानगरपालिका-३ का ३२ वर्षीय सुमन कुमार सराफ र बारा बिश्रामपुर गाउँपालिका-५ का २० वर्षीय मनिष सराफ रहेका छन्। भोटेबहाल, कोटेश्वर लगायतका विभिन्न ठाउँमा राजश्व छलि गरि बिल-बिजक बिना चाँदीका गरगहनाहरु भण्डार गरी बिक्री गर्ने गरेको भन्ने सूचनाको आधारमा काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय मिनभवनबाट खटिएको प्रहरीले अनुसन्धान गर्ने क्रममा उक्त कार्यमा संलग्न उनीहरूलाई पक्राउ गरेको हो। उनीहरूलाई राजस्व छली सम्बन्धी कसूरमा थप अनुसन्धान तथा कारवाहीको लागि राजस्व अनुसन्धान विभाग हरिहर भवन ललितपुर पठाइएको छ।

# यौन जन्य अपराध

## बालिकाहरूलाई यौनजन्य कार्यमा लगाउने व्यक्ति पक्राउ

*काठमाडौं, ६ पुस*

ग्राहकको रोजाई अनुसार बालिकाहरू उपलब्ध गराई यौनजन्य कार्यमा लगाउने गरेको अभियोगमा टोखा नगरपालिका-९ नयाँबसपार्क बस्ने नुवाकोट तादी गाउँपालिका-६ घर भएका २४ वर्षीय सुमन तामाङलाई प्रहरीले पक्राउ गरेको छ। नयाँबसपार्कमा रहेका बिभिन्न होटल तथा गेष्ट हाउसहरुमा बालिकाहरुलाई ललाई फकाई विभिन्न किसिमको प्रलोभनमा पारी वेश्यावृत्ति तथा यौनजन्य कार्यमा लगाउने गरेको सूचनाको आधारमा मानव बेचबिखन अनुसन्धान ब्यूरो बबरमहलबाट खटिएको प्रहरीले वेश्याबृत्ति तथा यौनजन्य कार्यमा लगाइएका ४ जना बालिकाहरुलाई उद्धार गरी उक्त कार्यमा संलग्न सुमनलाई पक्राउ गरेको हो। आर्थिक अवस्था कमजोर भएका बालिकाहरुलाई ललाई फकाई होटल/गेष्ट हाउसहरुमा वेटर तथा सरसफाईको काममा लगाई दिने भन्दै बेश्यावृत्ति तथा यौनजन्य कार्यमा लगाउने गरेको र पीडित बालिकाहरुलाई बिगत ५ महिनादेखि होटल/गेष्ट हाउसहरुबाट बाहिर समेत निस्कन नदिई जबरजस्ती शारीरिक सम्पर्क राख्न बाध्य पार्ने गरेको अनुसन्धानबाट खुल्न आएको छ। प्रहरीले मानव बेचबिखन तथा ओसारपसार मुद्दामा जिल्ला अदालत काठमाडौंबाट ७ दिन म्याद थप अनुमति लिई आवश्यक अनुसन्धान कार्य गरिरहेको छ।

## जबरजस्ती करणी गरेको अभियोगमा पक्राउ

*सिन्धुपाल्चोक, १६ पुस*

१० वर्षीया बालिकालाई जबरजस्ती करणी गरेको अभियोगमा सुनकोशी गाउँपालिका-६ कोइले बस्ने २७ वर्षीय कृष्ण भण्डारीलाई प्रहरीले पक्राउ गरेको छ।भण्डारीले ती बालिकालाई सोही ठाउँस्थित झाडीमा लगि जबरजस्ती करणी गरेको भन्ने उजुरीको आधारमा प्रहरी चौकी ठुलोपाखरबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो। यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

## जबरजस्ती करणी गरेको अभियोगमा पक्राउ

*उदयपुर, २३ पुस*

५ वर्षीया बालिकालाई जबरजस्ती करणी गरेको अभियोगमा बेलका नगरपालिका-२ झण्डीपुर बस्ने २१ वर्षीय दिपन मगरलाई प्रहरीले पक्राउ गरेको छ। मगरलते ती बालिकालाई जबरजस्ती करणी गरेको भन्ने उजुरीको आधारमा ईलाका प्रहरी कार्यालय ठोक्सिला र प्रहरी चौकी भागलपुरबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो। यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

## जबरजस्ती करणी गरेको अभियोगमा पक्राउ

*मोरङ, २४ पुस*

१४ वर्षीया बालिकालाई जबरजस्ती करणी गरेको अभियोगमा सुन्दरहरैचा नगरपालिका-९ ज्योतिटोल बस्ने २४ वर्षीय श्याम बर्देवालाई प्रहरीले पक्राउ गरेको छ। बर्देवाले ती बालिकालाई आफ्नै घरमा लगेर जबरजस्ती करणी गरेको भन्ने उजुरीको आधारमा ईलाका प्रहरी कार्यालय बिराटचोकबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो। यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

### जबरजस्ती करणी गरेको अभियोगमा पक्राउ

*उदयपुर, २६ पुस*

१३ वर्षीया बालिकालाई जबरजस्ती करणी गरेको अभियोगमा चौदण्डीगढी नगरपालिका-७ बस्ने ३५ वर्षीय पत्थरसिंह राईलाई प्रहरीले पक्राउ गरेको छ ।राईले ती बालिकालाई आफ्नै घरमा लगेर जबरजस्ती करणी गरेको भन्ने उजुरीको आधारमा ईलाका प्रहरी कार्यालय बेल्टारबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो । यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ ।

## लागू औषध सम्बन्धी

### ५५ किलो ३२ ग्राम अवैध गाँजा बरामद

*काठमाडौं, १ पुस*

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल भन्सार कार्यालयको कार्गो कम्प्लेक्सबाट अवैध लागूऔषध गाँजा ५५ किलो ३२ ग्राम प्रहरीले बरामद गरेको छ। कतार एयरवेजबाट अमेरिका हुँदै नेपाल आएका २४ वटा कार्टुनहरु शंकास्पद देखिएपछि लागूऔषध नियन्त्रण व्यूरो कोटेश्वरबाट खटिएको प्रहरीले जाँच गर्ने क्रममा म्युजिकल बक्साहरुभित्र लुकाइ ल्याएको उक्त गाँजा फेला पारी बरामद गरेको हो। यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।रूपन्देही, सैनामैना नगरपालिका-२ सोरौली संगम चोकस्थित बाटोको छेउमा सोही नगरपालिका-४ झारबैरा बस्ने ७० वर्षीय जोखु थारु मृत अवस्थामा फेला परेका छन् । सर्लाही, कबिलासी नगरपालिका-६ जमुनिया बस्ने ७५ वर्षीया राजकली देवी ठाकुर सोही ठाउँस्थित महादेवस्थान बिर्ता पोखरीमा अवस्थामा फेला परेकी छन् ।यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

### करिब २४ किलोग्राम अवैध गाँजासहित पाँच जना पक्राउ

*काठमाडौं, २ पुस*

अवैध लागूऔषध गाँजा करिब २४ किलो ६ सय ३० ग्रामसहित ललितपुरबाट ३ जना, उदयपुर र म्याग्दीबाट १/१ जना गरी जम्मा ५ जनालाई प्रहरीले पक्राउ गरेको छ। ललितपुरबाट पक्राउ पर्नेमा महालक्ष्मी नगरपालिका-८ लुभु बस्ने ५२ वर्षीय विरेन्द्र श्रेष्ठ, ४७ वर्षीय विरेन्द्र श्रेष्ठ र ५४ वर्षीय सुरेश श्रेष्ठ रहेका छन् । प्रहरी प्रभाग लुभु र प्रहरी वृत्त सातदोबाटोबाट खटिएको प्रहरीले उनीहरूलाई करिब ११ किलो १ सय १ सय ८० ग्राम गाँजासहित पक्राउ गरेको हो । उदयपुरबाट पक्राउ पर्नेमा बेलका नगरपालिका-९ भचुवा बस्ने २१ वर्षीय रबिन राई छन् । ईलाका प्रहरी कार्यालय रामपुर ठोक्सिलाबाट खटिएको प्रहरीले उनलाई करिब १३ केजी गाँजासहित पक्राउ गरेको हो। म्याग्दीबाट पक्राउ पर्नेमा रघुगंगा गाउँपालिका-३ मौवाफाट बस्ने ४६ वर्षीय गोपाल दर्जी छन् । ईलाका प्रहरी कार्यालय दानाबाट खटिएको प्रहरीले उनलाई करिब १ केजी ४ सय ५० ग्राम गाँजासहित अन्नपूर्ण गाउँपालिका-३ काभ्रेबाट पक्राउ गरेको हो । यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

### ३ सय ८० किलो अवैध गाँजासहित दुई जना पक्राउ

*चितवन, ३ पुस*

भरतपुर महानगरपालिका-१ आँपटारीबाट करिब ३ सय ८० किलो अवैध लागूऔषध गाँजासहित २ जनालाई प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेहरूमा भारत सम्बल बस्ने ४५ वर्षीय अनिल गिरी र सोही ठाउँ बस्ने ३० वर्षीय राजपाल रहेका छन् । जिल्ला प्रहरी कार्यालय चितवनबाट खटिएको प्रहरीले जेएच-०२ डब्लु ९६३१ नम्बरको भारतीय ट्रकलाई जाँच गर्ने क्रममा ट्रकको अगाडि क्याबिनमा फल्स बटम बनाई लुकाई छिपाई २८ वटा पोकामा राखेको उक्त परिमाणको गाँजा फेला पारी चालक अनिल र सहचालक राजपाललाई पक्राउ गरेको हो। यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

### १६ किलो अवैध गाँजा बरामद

*उदयपुर, ५ पुस*

ताप्ली गाउँपालिका-२ लेखगाँउस्थित बाटो छेउबाट अवैध लागूऔषध गाँजा करिब १६ किलो प्रहरीले बरामद गरेको छ । जिल्ला प्रहरी कार्यालय उदयपुर प्रहरी चौकी रामपुरझिल्केबाट खटिएको प्रहरीले उक्त गाँजा फेला पारी बरामद गरेको हो । यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

### अवैध लागूऔषधसहित विभिन्न स्थानबाट १० जना पक्राउ

*काठमाडौं, १२ पुस*

**धनुषा,** क्षिरेश्वरनाथ नगरपालिका-४ हरैया चन्द्रपुरबाट अवैध लागूऔषध गाँजा करिब ५ किलोग्रामसहित सोही ठाउँ बस्ने २१ वर्षीय ललन सहनी समेत २ जनालाई प्रहरीले पक्राउ गरेको छ । ईलाका प्रहरी कार्यालय महेन्द्रनगरबाट खटिएको प्रहरीले प्र.२-०२-००५ प २२०३ नम्बरको मोटरसाइकललाई जाँच गर्ने क्रममा मोटरसाइकलमा सवार उनीहरूलाई उक्त गाँजासहित पक्राउ गरेको हो।

**कैलाली,** भजनी नगरपालिका-३ मोरीयाघाटबाट अवैध लागूऔषध खैरो हेरोइन जस्तो देखिने पदार्थ ३ ग्राम ४० मिलिग्रामसहित लम्कीचुहा नगरपालिका-१ भुरुवा बस्ने २२ वर्षीय दिनेस चौधरी समेत २ जनालाई प्रहरीले पक्राउ गरेको छ। प्रहरी चौकी जनकपुरबाट खटिएको प्रहरीले भारतबाट नेपालतर्फ आउँदै गरेको से.६ प ५६५६ नम्बरको मोटरसाइकललाई जाँच गर्ने क्रममा मोटरसाइकलमा सवार उनीहरूलाई उक्त पदार्थसहित पक्राउ गरेको हो।

**नवलपरासी पश्चिम**, प्रतापपुर गाउँपालिका-२ गोपिगंजबाट अवैध लागूऔषध ब्राउनसुगर जस्तो देखिने पदार्थ ९१ मिलिग्रामसहित बर्दघाट नगरपालिका-६ विद्युत बस्ने ३२ वर्षीय पुकार चौधरीलाई प्रहरीले पक्राउ गरेको छ । ईलाका प्रहरी कार्यालय सेमरीबाट खटिएको प्रहरीले लु.६४ प ८८३२ नम्बरको मोटरसाइकललाई जाँच गर्ने क्रममा चालक चौधरीलाई उक्त पदार्थसहित पक्राउ गरेको हो।

**मोरङ, बिराटनगर** महानगरपालिका-१६ दरैयाबाट अवैध लागूऔषध खैरो हेरोइन जस्तो देखिने पदार्थ १ ग्राम ९ मिलिग्रामसहित सुनसरी दुहबी नगरपालिका-९ बस्ने ३० वर्षीय मो.सहबाज समेत २ जनालाई प्रहरीले पक्राउ गरेको छ । लागूऔषध नियन्त्रण ब्यूरो बिराटनगरबाट खटिएको प्रहरीले भारतबाट नेपालतर्फ आउँदै गरेको को.१९ प ८६० नम्बरको मोटरसाइकललाई जाँच गर्ने क्रममा मोटरसाइकलमा सवार उनीहरूलाई उक्त पदार्थसहित पक्राउ गरेको हो।

**कपिलवस्तु,** शिवराज नगरपालिका-९ स्थित सडकबाट अवैध लागूऔषध ब्राउनसुगर जस्तो देखिने पदार्थ ८ ग्राम ५ सय ७० मिलिग्रामसहित दाङ घोराही उपमहानगरपालिका-१४ मिलन चोक बस्ने २२ वर्षीय गोबिन्द कुमार चन्दलाई प्रहरीले पक्राउ गरेको छ । ईलाका प्रहरी कार्यालय सुन्दरीडाँडाबाट खटिएको प्रहरीले उनलाई उक्त पदार्थसहित पक्राउ गरेको हो।

**कञ्चनपुर,** गोदावरी नगरपालिका-३ चौकी डाँडाबाट अवैध लागूऔषध खैरो हेरोइन जस्तो देखिने पदार्थ २ सय २० मिलिग्रामसहित कृष्णपुर नगरपालिका-६ गजरौला बस्ने २६ वर्षीय राजेश लुहारलाई प्रहरीले पक्राउ गरेको छ । ईलाका प्रहरी कार्यालय मालाखेतीबाट खटिएको प्रहरीले उनलाई उक्त पदार्थसहित पक्राउ गरेको हो। यसैगरी कञ्चनपुर, कृष्णपुर नगरपालिका-८ बस्ने २८ वर्षीय हरिश भण्डारीलाई अवैध लागूऔषध खैरो हेरोइन जस्तो देखिने पदार्थ ३ ग्राम ४७ मिलिग्रामसहित प्रहरीले पक्राउ गरेको छ । प्रदेश प्रहरी कार्यालय

महेन्द्रनगर, लागूऔषध नियन्त्रण ब्यूरो र ईलाका प्रहरी कार्यालय रैकवारबाट खटिएको प्रहरीले उनलाई उक्त पदार्थसहित पक्राउ गरेको हो । सबै घटनाका सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ ।

## ११५ किलो अवैध लागूऔषध गाँजासहित २ जना पक्राउ

*काठमाडौं, १९ पुस*

सुनसरीबाट ७० किलो र मोरङबाट ४५ किलो गरी करिब १ सय १५ किलो अवैध लागूऔषध गाँजासहित २ जनालाई प्रहरीले पक्राउ गरेको छ । सुनसरी, हरिनगरा गाउँपालिका-६ ईदगाहबाट ७० किलोग्राम गाँजासहित पक्राउ पर्नेमा भारत अररिया बासमतिया ग्राम बस्ने २७ वर्षीय ऐना तुला छन् । प.१-०४-००१ त १२६० नम्बरको ट्याक्टरका चालक उनलाई ट्याक्टरको ट्रलीमा अतिरिक्त बाकस बनाई ६६ वटा पोकामा लुकाई राखेको उक्त गाँजा फेला पारी कोशी प्रदेश प्रहरी कार्यालय विराटनगर र प्रहरी चौकी घुस्किहाटबाट खटिएको प्रहरीले पक्राउ गरेको हो । यसैगरी मोरङ, बिराटनगर महानगरपालिका-१८ झटियाई मुसरी टोल नयाँबस्तीस्थित खेतबाट करिब ४५ किलोग्राम गाँजासहित पक्राउ पर्नेमा सोही महानगरपालिका-१८ बस्ने १९ वर्षीय नन्दु यादव रहेका छन् । ईलाका प्रहरी कार्यालय धनौलीबाट खटिएको प्रहरीले उनलाई उक्त गाँजासहित गएराति पक्राउ गरेको हो । यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ ।

## १० क्वीन्टल ६ किलो गाँजासहित एक जना पक्राउ

*सप्तरी, २१ पुस*

खडक नगरपालिका-७ कल्याणपुर चोकबाट १० क्वीन्टल ६ किलो अवैध लागूऔषध गाँजा र १ लाख रूपैयाँसहित धनकुटा सहिदभूमि गाउँपालिका-४ बस्ने ३२ वर्षीय विषेश राईलाई प्रहरीले पक्राउ गरेको छ । जिल्ला प्रहरी कार्यालय सप्तरी र ईलाका प्रहरी कार्यालय कल्याणपुरबाट खटिएका संयुक्त प्रहरीले बालुवा लोड भएको को.१ ख ५८३१ नम्बरको टिपरलाई जाँच गर्ने क्रममा बालुवाभित्र लुकाई छिपाई २८ वटा बोरामा राखेको उक्त परिमाणको गाँजा फेला पारी टिपर चालक राईलाई पक्राउ गरेको हो । यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ ।

## १८ किलो ३ सय ग्राम गाँजासहित ४ जना पक्राउ

*काठमाडौं, २४ पुस*

**मकवानपुर,** हेटौंडा उपमहानगरपालिका-४ हुप्राचौरबाट अवैध लागूऔषध गाँजा करिब ११ किलोग्रामसहित सोही उपमहानगरपालिका-८ बस्ने ४४ वर्षीया सरिता अर्याललाई प्रहरीले पक्राउ गरेको छ । वडा प्रहरी कार्यालय टौडाबाट खटिएको प्रहरीले बागमती प्रदेश ०३-००५ प ६२३० नम्बरको स्कुटरमा सवार उनलाई उक्त गाँजासहित पक्राउ गरेको हो ।

**उदयपुर,** बेलका नगरपालिका-८ कोठुबाट अवैध लागूऔषध गाँजा करिब ६ किलो र नगद ५ लाख २० हजार ५ सय रूपैयाँसहित २ जनालाई प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेहरूमा सोही नगरपालिका-३ बस्ने २१ वर्षीय पदम बहादुर तामाङ र सोही नगरपालिका-९ बस्ने २८ वर्षीय बम बहादुर राई रहेका छन् । प्रहरी चेकपोष्ट कोठुबाट खटिएको प्रहरीले उनीहरूलाई उक्त गाँजा र नगदसहित पक्राउ गरेको हो ।

**ललितपुर,** गोदावरी नगरपालिका-१० प्याङगाउँबाट अवैध लागूऔषध गाँजा १ किलो ३ सय ग्रामसहित कोन्ज्योसोम गाउँपालिका-५ भारदेउ बस्ने २८ वर्षीय राम तामाङलाई प्रहरीले पक्राउ गरेको छ । प्रहरी वृत्त चापागाउँबाट खटिएको प्रहरीले उनलाई उक्त गाँजासहित पक्राउ गरेको हो । यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ ।

## ६० किलो गाँजासहित २ जना पक्राउ

*उदयपुर, २७ पुस*

कटारी नगरपालिका-७ देउलीकुनाबाट ६० किलो अवैध लागूऔषध गाँजासहित २ जनालाई प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेहरूमा ताप्ली गाउँपालिका-२ बस्ने ३१ वर्षीय अर्जुन मगर र ३० वर्षीय लोक बहादुर राई रहेका छन् । जिल्ला प्रहरी कार्यालय उदयपुर र प्रहरी चौकी रीस्कु कटारीबाट खटिएको प्रहरीले ३ वटा बोरामा उक्त परिमाणको गाँजा बोकी लैजादै गरेको अवस्थामा फेला पारी दुवै जनालाई पक्राउ गरेको हो । यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ ।

# अन्य अपराध

## सालनालसहितको शिशुसहित पक्राउ

*सर्लाही, १ पुस*

भारत विहार शिवहर नारायणपुर बस्ने ३२ वर्षीय हरिशचन्द्र कुमार सुडीलाई सालनालसहितको मृत शिशुसहित प्रहरीले पक्राउ गरेको छ ।मलंगवा नगरपालिका-८ स्थित झिल्मिलिया मन्दिर नजिकै जिल्ला प्रहरी कार्यालय सर्लाही र सशस्त्र प्रहरी बल नेपालबाट संयुक्त रूपमा खटिएको टोलीले जाँच गर्ने क्रममा सुडीले बोकेको प्लाष्टिकको पोकाभित्र सालनाल सहितको शिशु फेला पारी उनलाई पक्राउ गरेको हो । प्रारम्भिक अनुसन्धान कार्य पूरा गरी शव पोस्टमार्टमको लागि प्रादेशिक अस्पताल मलंगवाको शव गृहमा राखिएको छ । यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ ।

## नक्कली सवारी दर्ता किताव बनाउने दुई जना पक्राउ

*काठमाडौं, २ पुस*

लिखत किर्ते गरी नक्कली सवारी दर्ता किताव बनाएको अभियोगमा २ जनालाई प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेहरूमा काभ्रेपलाञ्चोक तेमाल गाउँपालिका-८ घर भई काठमाडौं बौद्ध बस्ने ४२ वर्षीय डिबि भन्ने दिल बहादुर घिसिङ तामाङ र सिन्धुपाल्चोक चौतारा साँगाचोकगढी नगरपालिका-१ घर भई काठमाडौं कागेश्वरी मनोहरा नगरपालिका-४ बस्ने ३३ वर्षीय आइतसिंह तामाङ रहेका छन् । केही व्यक्तिहरुले लिखत किर्ते गरी सवारी दर्ता किताव लगायतका कागजातहरु तयार गरेको भन्ने सूचनाको आधारमा काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय मिनभवनबाट खटिएको प्रहरीले दिल बहादुरलाई काठमाडौं कालीमाटीबाट र आइतसिंहलाई मनोहरा नगरपालिका-१ बम्हखेलबाट पक्राउ गरेको हो । उनीहरूबाट बाग्मती प्रदेश ०१ ०२५ च २७५९ नम्वरको कारको ब्लुबुक १ थान, विभिन्न नम्बरका कारका सवारी दर्ता प्रमाणपत्र ४ थान, कार ५ थान, विभिन्न सरकारी कार्यालयका छापहरु ४ थान र मोबाइल २ थान बरामद भएको छ । उनीहरुलाई लिखत किर्ते सम्बन्धी कसूरमा थप अनुसन्धान तथा आवश्यक कारवाहीको लागि जिल्ला प्रहरी परिसर टेकु काठमाडौं पठाइएको छ ।

## विभिन्न हातहतियार सहित दुई जना पक्राउ

*ताप्लेजुङ, ११ पुस*

पाथिभरा याङवरक गाउँपालिका-१ त्रिवेणी भन्ने जङ्गलबाट विभिन्न हातहतियारसहित सोही गाउँपालिका-१ सेसम्बु बस्ने २४ वर्षीय मौसम खिमदिमसमेत २ जनालाई प्रहरीले पक्राउ गरेको छ । विशेष सूचनाका आधारमा प्रहरी चौकी मेवाखाबाट खटिएको प्रहरीले उनीहरूलाई दुई नाले भरुवा बन्दुक १ थान, एक नाले भरुवा बन्दुक १ थान, खुकुरी १ थान, मृगको सिङबाट बनेको गुलेली १ थान, मारेको कालिज १ वटा र भरुवा बन्दुकमा प्रयोग हुने विभिन्न

सामाग्रीहरूसहित पक्राउ गरेको हो। यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

## अपहरणमा संलग्न रहेको अभियोगमा पक्राउ

*काठमाडौं, १३ पुस*

दुई वर्षीया बालिकालाई अपहरण गरेको अभियोगमा रामेछाप घर भई हाल भक्तपुर सूर्यविनायक नगरपालिका-३ बालकोट पानीटंकी बस्ने ३७ वर्षीय राज नेपाललाई र प्रहरीले पक्राउ गरेको छ। काठमाडौं गौशालाबाट पुस १० गते ती बालिका अपहरण भएको घटनाको अनुसन्धान गर्ने क्रममा काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यलय मिनभवनबाट खटिएको प्रहरीले उक्त कार्यमा संलग्न उनलाई पक्राउ गरेको हो। साथै उक्त कार्यालयबाट खटिएको प्रहरीले जिल्ला प्रहरी परिसर टेकु काठमाडौं र जिल्ला प्रहरी परिसर भक्तपुरको सहयोगमा भक्तपुर सूर्यबिनायक नगरपालिका-३ बालकोट पानीटंकीबाट ती बालिकालाई सकुशल उद्दार गरी पीडितको परिवारलाई जिम्मा लगाएको छ। उनलाई थप अनुसन्धान एवम् कार्वाहीको लागि जिल्ला प्रहरी परिसर टेकु काठमाडौं पठाइएको छ।

## एक थान कटुवा पेस्तोलसहित दुई जना पक्राउ

*मकवानपुर, १३ पुस*

मनहरी गाउँपालिका-९ हरियाली वनबाट कटुवा पेस्तोल १ थान र बारुद भरेको २ वटा फलामको खोकासहित २ जनालाई प्रहरीले पक्राउ गरेको छ। पक्राउ पर्नेहरूमा राक्सिराङ गाउँपालिका-२ भाबर बस्ने २६ वर्षीय लाल कुमार तितुङ र १९ वर्षीय ज्ञान बहादुर स्याङतान रहेका छन्। ईलाका प्रहरी कार्यालय मनहरीबाट खटिएको प्रहरीले बा.४१ प २८१८ नम्बरको मोटरसाइकलमा सवार उनीहरूलाई उक्त बन्दुकसहित पक्राउ गरेको हो। यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ।

## एक थान भरूवा बन्दुक बरामद

*बाँके, १४ पुस*

राप्तीसोनारी गाउँपालिका-६ स्थित खप्तडबाबा सामुदायिक बनबाट भरुवा बन्दुक १ थान प्रहरीले बरामद गरेको छ। अस्थाई प्रहरी पोष्ट फत्तेपुर 'ख'बाट खटिएको प्रहरीले उक्त वनको रूखको झ्याङमा वेवारिसे अवस्थामा रहेको उक्त बन्दुक फेला पारी बरामद गरेको हो। यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

## भरूवा बन्दुकसहित २ जना पक्राउ

*तनहुँ, १६ पुस*

भानु नगरपालिका-८ देउरालीटारस्थित जंगलबाट भरूवा बन्दुक, बारूद करिब २ सय ग्राम र बन्दुकमा लाग्ने केभ ७ थानसहित २ जनालाई प्रहरीले पक्राउ गरेको छ। पक्राउ पर्नेहरूमा सोही ठाउँ बस्ने ५८ वर्षीय विष्णु हरि लोहनी र ७५ वर्षीय लक्ष्मण भुजेल रहेका छन्। प्रहरी चौकी पुर्कोटबाट खटिएको प्रहरीले उनीहरूलाई उक्त बन्दुकसहित पक्राउ गरेको हो। यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

## मानव अंग मृगौला बेचबिखन गर्ने कार्यमा संलग्न फरार अभियुक्त पक्राउ

*काठमाडौं, १८ पुस*

मानव अंग मृगौला बेचबिखन गर्ने कार्यमा संलग्न रही फरार रहेका अभियुक्त नुवाकोट बेलकोटगढी नागरपालिका-१३ ठेगाना भएका ४३ वर्षीय हरी नेपाली भन्ने हरी दर्जीलाई प्रहरीले पक्राउ गरेको छ। पीडितलाई भारत कलकत्तामा मःम पसलमा मासिक ३० हजार भारतीय रूपैयाँ तलबमा काममा लगाईदिने भन्ने प्रलोभन देखाई नुवाकोटबाट काकडभिट्टा हुँदै भारत कलकत्ता पुऱ्याई पीडितलाई झुक्याई अस्पताल लगि बेहोस पारी मानव अंग मृगौला झिकी अर्कै व्यक्तिलाई प्रत्यारोपण गरेको घटनामा संलग्न रही फरार रहेका दर्जीलाई मानव बेचबिखन अनुसन्धान ब्यूरो बबरमहलबाट खटिएको प्रहरीले काठमाडौंबाट पक्राउ गरेको हो। उनी उपर मानव बेचबिखन तथा ओसारपसार मुद्दामा ७ दिन म्याद थप अनुमति लिई यस सम्बन्धमा आवश्यक अनुसन्धान भइरहेको छ।

## सालकको खपेटासहित २ जना पक्राउ

*सुनसरी, २२ पुस*

धरान उपमहानगरपालिका-५ किशान चोकबाट संरक्षित सालकको खपेटा ३ सय ४० ग्रामसहित २ जनालाई प्रहरीले पक्राउ गरेको छ। पक्राउ पर्नेहरूमा सोही ठाउँ ससुराली घरमा बस्ने संखुवासभा चिचिला गाउँपालिका-३ घर भएका २८ वर्षीय सन्दिप राई र धरान उपमहानगरपालिका-१६ डेरा गरी बस्ने संखुवासभा धर्मदेवी गाउँपालिका-३ घर भएका २१ वर्षीय मनोज तामाङ रहेका छन्। ईलाका प्रहरी कार्यालय धरानबाट खटिएको प्रहरीले राईको कोठा तलासी गर्ने क्रममा उनलाई उक्त खपेटासहित पक्राउ गरेको हो। साथै थप सोधपुछ गर्ने क्रममा तामाङबाट उक्त खपेटा लिएको भनी खुल्नआएपछि तामाङलाई समेत प्रहरीले पक्राउ गरेको हो। यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ।

## अवैध रूपमा भन्सार छली ल्याउँदै गरेको औषधीसहित पक्राउ

*काठमाडौं, २२ पुस*

अवैध रुपमा ल्याउँदै गरेको करिब २९ लाख ४९ हजार १७ रुपैयाँ बराबरको औषधीसहित गोरखा गण्डकी गाउँपालिका-४ भेंडाबारी बस्ने ३० वर्षीय सुजन भन्ने बिबेक पोखरेल समेत २ जनालाई प्रतापपुर गाउँपालिका-९ चण्डाल चोकबाट प्रहरीले पक्राउ गरेको छ। ईलाका प्रहरी कार्यालय वेलाटारीबाट खटिएको प्रहरीले प्रदेश ३-०१-००२२ च ८९९६ नम्बरको कारलाई जाँच गर्ने भारतबाट भन्सार छली नेपालतर्फ ल्याउँदै गरेको माईकोफिट्स ३ सय ६० ट्याब, ओकेरोन १ सय इन्जेक्सन र किल्डुम ३ सय एमजी लगायत विभिन्न प्रकारका औषधीसहित उनीहरूलाई पक्राउ गरेको हो। यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ।

## प्रहरीमाथि हातपात गरेको अभियोगमा पक्राउ

*काठमाडौं, २३ पुस*

चन्द्रागिरी नगरपालिका-३ थानकोट बसपार्कस्थित डियूटीमा खटिएको प्रहरीमाथि हातपात गरेको अभियोगमा सर्लाही मलंगवा नगरपालिका-६ घर भई काठमाडौं चन्द्रागिरी नगरपालिका-३ खरिबोट बस्ने २६ वर्षीय अनमोल रामलाई प्रहरीले पक्राउ गरेको छ। उक्त स्थानमा प्रहरी वृत्त थानकोट र ट्राफिक प्रहरी प्रभाग थानकोटबाट खटिएको प्रहरीले जाँच गर्ने क्रममा नागढुंगाबाट आउँदै गरेको बा.५७ प ५९४६ नम्बरको स्कुटर चालक रामले प्रहरीमाथि हातपात गरेपश्चात उनलाई पक्राउ गरेको हो। सो क्रममा हेण्ड सेट १ थान क्षति भएको छ। यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

# उत्कृष्ठ अनुसन्धान

## मुद्दा शीर्षक – मुद्रा सम्बन्धी कसुर

मिति २०८०।०८।०४ गते काठमाडौं जिल्ला शंखरापुर न.पा. वडा नं.०७ स्थितमा उत्तम श्रेष्ठको टिनको टहरोमा चेकजाँच गर्ने क्रममा नेपाली रुपैयाँको नक्कली नोट रु.१,०००।- दरको नोट ५१० थान, फोटोकपी मेसिन थान-१, फोटोकपी पेपर समेत फेला परेको घटनामा अनुसन्धानको क्रममा सृजना थापा, मैया कुमारी घिमिरे, गोकर्ण थापा र किरण लामा भन्ने शेर बहादुर तामाङलाई पक्राउ गरी अनुसन्धान कार्य सम्पन्न पश्चात सम्मानित काठमाडौं जिल्ला अदालतमा मुद्दा पेश हुँदा सम्मानित अदालतको मिति २०८०।०९।०१ गतेको आदेशले सृजना थापाको हकमा रु.५०,०००।- धरौटी माग भएकोमा उक्त धरौटी रकम दाखिला गरी छुटेको र मैया कुमारी घिमिरे, गोकर्ण थापा, किरण लामा भन्ने शेर बहादुर तामाङ पुर्पक्षका लागि कारागार चलान भएको।

## मुद्दा शीर्षक – हाडनातामा जबरजस्ती करणी

जिल्ला झापा स्थित प्रतिवादी परिवर्तित नाम २०८०/०८१ झिलझिले DX ले मादक पदार्थ सेवन गरी गरी घरायसी तनाब दिई रहने भएपछि निजको श्रीमती तथा छोरी पीडित अर्काको घर रुने तथा खेतिपाती गरी बस्दै आएकोमा मिति २०८०।०८।२७ गते अं.२३:३० बजेको समयमा निज सोही स्थानमा गई पीडित छोरीलाई पटक-पटक करणी गरी कसैलाई भनिस् भने मारिदिन्छु भनी डर त्रास देखाई जबरजस्ती करणी गरेको भन्ने जाहेरी दरखास्त प्रहरी कार्यालयमा प्राप्त भएकोमा निज प्रतिवादीलाई पक्राउ गरी अनुसन्धानपश्चात सम्मानित जिल्ला अदालत झापामा पेश हुँदा सम्मानित अदालतको मिति २०८०।०९।२४ गतेको आदेशले पुर्पक्षको लागि थुनामा गएको।

## मुद्दा शीर्षक – जबरजस्ती करणी गरी कर्तब्य ज्यान

मिति २०८०।०८।२८ गते १९:३० बजेको समयमा जिल्ला धनुषा, सबैला स्थित ऐ.ऐ. बस्ने बर्ष ५ की बालिकालाई ऐ. कमला न.पा. वडा नं.६ बस्ने जमुना रायको छोरा बर्ष ३१ को बिनोद कुमार राय समेत २ जनाले ललाई फकाई गरी लगी जबरजस्ती योनीमा औंला छिराई रोई कराई गर्न थाले पछी निजको घाँटी थिची कर्तब्य गरी मारी पोखरीमा फाली दिएको भन्ने ब्यहोराको जाहेरी दरखास्त प्राप्त भएकोमा उक्त घटनाको अनुसन्धानपश्चात सम्मानित धनुषा जिल्ला अदालतको मिति २०८०।०९।२५ गतेको आदेशले प्रतिवादीहरुलाई पुर्पक्षको लागि कारागार पठाईएको।

## मुद्दा शीर्षक – जबरजस्ती करणी

पीडित बर्ष १५ कि परिवर्तित नाम आ.व.२०८०।०८१ को जिल्ला ३० को जोरपाटी १ (ख) लाई श्री जोरपाटी माध्यामिक विद्यालयका शिक्षक मक्ष नारायण श्रेष्ठले मिति २०८० सालको कात्तिक महिना देखि फेसबुक म्यासेन्जरमा अश्लील म्यासेजहरू पठाई कुरा गरी निजलाई घुम्न जाँउ भनी बोलाई मिति २०८०।०७।२२ गते दिनको अं.१२:३० बजेको समयमा जिल्ला काभ्रेपलाञ्चोक, बनेपा नगरपालिका स्थित नाम थाहा नभएको होटलमा लगी उक्त होटलको कोठामा पीडितले ईन्कार गर्दा गर्दै ललाई फकाई जबरजस्ती करणी गरेको हुँदा प्रतिवादी मक्ष नारायण श्रेष्ठलाई मुलुकी अपराध संहिता २०७४ को करणी सम्बन्धी कसूर अन्तर्गत हदैसम्म सजाँय गरी मनासिव क्षतिपुर्ती समेत दिलाई भराई पाउँ भन्ने समेत व्यहोराको परिवर्तित नाम आ.व.२०८०।०८१ को जिल्ला ३० जोरपाटी १ (क) को जाहेरी दरखास्त प्राप्त भएकोमा प्रतिवादीलाई पक्राउ गरी अनुसन्धानपश्चात सम्मानित काभ्रेपलाञ्चोक जिल्ला अदालतमा पेश हुँदा सम्मानित अदालतको मिति २०८०।०९।२९ गतेको थुनछेक आदेशले पक्राउ प्रतिवादी मक्ष नारायण श्रेष्ठलाई पछि बुझ्दै जाँदा ठहरे बमोजिम हुने गरी हाललाई मुद्दा पुर्पक्षको लागि थुनामा राख्न कारागार कार्यालय, काभ्रेपलाञ्चोकमा पठाईएको।

## मुद्दा शीर्षक – कर्तब्य ज्यान

मिति २०८०/०८/१४ गते राती अं.२३:१० बजेको समयमा जिल्ला रसुवा गोसाइँकुण्ड गा.पा. वडा नं.५ सानो भार्खु बस्ने अं.बर्ष ६६ को छेवाङ तामाङलाई निजको छोरा अं. बर्ष ३९ को गोपाल तामाङले मादक पदार्थ सेवन गरी झै-झगडा हुँदां दाउराको चिर्पटले निजको बुबाको टाउकोमा हानी गम्भीर घाईते भएकोमा उपचारको लागि रसुवा अस्पताल लगिएकोमा मृत्यु भएको भन्ने व्यहोराको सुचना प्राप्त भएकोमा सम्पूर्ण अनुसन्धान कार्य पूरा गरी २०८०।०९।०४ गतेको सम्मानित जिल्ला अदालत, रसुवाको आदेशले पछि प्रमाण बुझ्दै जाँदा ठहरे बमोजिम हुने गरी हाललाई मुद्दा पुर्पक्षको लागि मुलुकी फौजदारी कार्यविधि संहिता २०७४ को दफा ६७(१) बमोजिम तथा ऐ.को दफा ८० बमोजिम प्रतिवादी गोपाल भन्ने पासाङ तामाङलाई थुनुवा पुर्जी दिई कारागार कार्यालय धुन्चे रसुवा पठाईएको।

## मुद्दा शीर्षक – कर्तब्य ज्यान

मिति २०८०।०८।३० गते अ. १५:०० बजेको समयमा जिल्ला म्याग्दी अन्नपुर्ण गाउँपालिका वडा नं.०३ दाना गुईठे स्थितमा मुस्ताङबाट फर्किदै गरेको पैदल तिर्थयात्री देश भारत मध्य प्रदेश शिवशक्ती मोठ निमचशहर घर भएका रामनरेश गिरी (जोगी) लाई जिल्ला मुस्ताङ थासाङ गाउँपालिका वडा नं.४ स्थायी वतन भई जिल्ला म्याग्दी अन्नपुर्ण गाउँपालिका वडा नं.०२ भुरुङ तातोपानी बस्ने बर्ष २१ को सोजन परियारले मादक पदार्थ सेवन गरी नशाको सुरमा सामान्य पैसा नदिएको भन्ने बिषयमा वादविवाद हुँदा बाँसको लौराले टाउकोमा प्रहार गरी सख्त घाईते बनाएकोमा निजलाई तत्काले उद्धार गरी स्थानीय स्वास्थ्य चौकी, बेनी अस्पताल, बागलुङ स्थित धौलागिरी अस्पताल हुँदै पोखरा स्थित पश्चिमाञ्चल क्षेत्रीय अस्पतालमा लगी टाउकोको अप्रेशन पश्चात आईसीयूमा बेड भर्ना भई उपचार भईरहेकोमा मिति २०८०।०९।१३ गतेका बेलुका अं.२०;३० बजेको समयमा उपचारमा संलग्न चिकित्सकले मृत्यु घोषणा गरेको घटनामा सम्मानित म्याग्दी जिल्ला अदालतको मिति २०८०।०९।२६ गतेको पत्रादेशानुसार मुद्दा पुर्पक्षको लागि निज प्रतिवादीलाई कारागार कार्यालय म्याग्दीमा थुनामा राख्न पठाईएको।

## मुद्दा शीर्षक – जबरजस्ती करणी

मिति २०८०।०९।०१ गते राती अं.१४:०० बजेको समयमा जिल्ला कपिलवस्तु, बाणगंगा नगरपालिका स्थित घरमा जन्मजात शारीरिक तथा मानसिक रुपमा अशक्त बर्ष ३६ की परिवर्तित संकेत नाम २८०/०८१ को ५१ (३) पिपरालाई घरमा बस्न भनी विशेष कामले गाँउमा गई केही समयमा फर्कने क्रममा प्रतिवादी जिल्ला कपिलबस्तु, बाणगंगा नगरपालिका वडा नं.७ बनगाई बस्ने बर्ष ३६ को साना देब बहादुर घर्ती क्षेत्रीले पीडित सुत्ने बस्ने कोठामा पसी जबरजस्ती हातमा समाई खाट तथा सो खाटको छेउ भुँईमा लडाई जबरजस्ती करणी गरेको भनी जाहेरी प्राप्त भएकोमा सो घटनामा निज प्रतिवादी साना देब बहादुर घर्ती क्षेत्रीलाई पक्राउ गरी अनुसन्धानपश्चात मिति २०८०।०९।२५ गते सम्मानित कपिलवस्तु जिल्ला अदालत, तौलिहवाको आदेशले प्रतिवादी पुर्पक्षको लागि कारागार चलान भएको।

# अपराध अनुसन्धान विभाग
# नागरिक सूचना इकाई द्वारा प्रकाशित
# मासिक ई- बुलेटिन

सत्य सेवा सुरक्षणम्

## नेपाल प्रहरी प्रधान कार्यालय
## अपराध अनुसन्धान विभाग
## नक्साल काठमाडौं

Email: cicu@nepalpolice.gov.np, cidpiuphq@gmail.com Web: www.cid.nepalpolice.gov.np